# अन्तिम लेखापरीक्षण प्रतिवेदन

पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक

# आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

# *Serving the Nation and the People*

## दूर दृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्याः २०७८/७९
च.नं.: २०९

मितिः २०७८।०५।४

श्री नगर प्रमुखज्यू,
पाँचखाल नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
काभ्रेपलाञ्चोक ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

(इन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेकोछ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात् जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात् बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्याधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ।स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

**२०७८ भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल


पत्र संख्या:२०७८/७९
च.नं.: २६५

मितिः२०७८/५/४

श्री नगर प्रमुखज्यू
पाँचखाल नगरपालिका,
काभ्रेपलाञ्चोक ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले पाँचखाल नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससंग सम्बन्धित आय-व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय-व्यय विवरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको भएतापनि समग्र आर्थिक कारोबारलाई समेट्न सकेको छैन ।
२. लेखापरीक्षणबाट रु.१ करोड १९ लाख ३५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.९ लाख ९३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२६ लाख ७७ हजार नियमित गर्नुपर्ने रु.२९ लाख १३ हजार र पेश्की रु.५३ लाख ५२ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।१।१७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २६(छब्बीस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं। लेखापरिक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरीक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षण सङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(ईन्द्र प्रसाद आचार्य)
नायव महालेखापरीक्षक

**पाँचखाल नगरपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले पाँचखाल नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पाँचखाल नगर पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १३ वडा, ६८ सभा सदस्य, १०३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७ हजार ७९७ जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७६/७७ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्षको रु. (हजारमा) | | | |
| | | बजेट | आफैले गरेको प्राप्ती/भुक्तानी | बस्तुगत /सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | १,०१५,००७,८९४.०१ | ७०४,०१४,१२१.५५ | | ७०४,०१४,१२१.५५ |
| **क.प्राप्ती (संचितकोषमा आम्दानी बाँधिने)** | | **६१८,१७४,०२०.००** | **५२६,८१०,३०१.२०** | | ५२२,३६२,४९३.२० |
| 1100 कर | ११ | १८४,९७६,०००.०० | १३८,४९९,८१९.९० | | १३८,४९९,८१९.९० |
| 1300 अनुदान | | ३९०,००२,०००.०० | ३६९,२४८,०००.०० | | ३६९,२४८,०००.०० |
| संघीय सरकार | १२ | ३४७,८५०,०००.०० | ३४६,३३०,०००.०० | | ३४६,३३०,०००.०० |
| प्रदेश सरकार | १२ | ४२,१५२,०००.०० | २२,९१८,०००.०० | | २२,९१८,०००.०० |
| 14000 अन्य राजस्व | | ४३,१९६,०२०.०० | १४,६१४,६७३.३० | | १४,६१४,६७३.३० |
| **ख. अन्य प्राप्ती** | | **३९६,८३३,८७४.०१** | **१८१,६५१,६२८.३५** | | १८१,६५१,६२८.३५ |
| कोषहरु | | ९४,६५५,४३७.०० | ४६,१८३,६९३.२९ | | ४६,१८३,६९३.२९ |
| धरौटी | | - | ४,२३४,७५६.०६ | | ४,२३४,७५६.०६ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३०२,१७८,४३७.०१ | १३१,२३३,१७९.०० | | १३१,२३३,१७९.०० |
| **भुक्तानी (ग+घ)** | | **१,०९४,८५३,८९४.०१** | **६७८,८५७,३६३.२४** | | ६७८,८५७,३६३.२४ |
| **ग. भुक्तानी (संचित कोषबाट )** | | **६९८,०२०,०२०.००** | **५२२,९३०,०३४.५३** | | ५२२,९३०,०३४.५३ |
| 21000 पारिश्रमिक/सुविधा | १८ | २२२,८०४,०२०.०० | २१२,००१,४२३.६७ | | २१२,००१,४२३.६७ |
| 22000 मालसामान तथा सेवाको उपयोग | १८ | ८१,४५४,०००.०० | ५५,२८५,२६८.२७ | | ५५,२८५,२६८.२७ |
| 25000 सहायता | १८ | १,००८,०००.०० | २७९,६४७.०० | | २७९,६४७.०० |
| 26000 अनुदान | १८ | २८,०६५,०००.०० | २६,०६२,६३५.९० | | २६,०६२,६३५.९० |
| 27000 सामाजिक सुरक्षा | १८ | ७,७२८,०००.०० | ७,०६२,५९०.७५ | | ७,०६२,५९०.७५ |
| 28000 अन्य खर्च | १८ | २,०४०,०००.०० | १,७००,३३४.०० | | १,७००,३३४.०० |
| 31000 गैर वित्तिय सम्पती/पूँजिगत खर्च | १८ | ३५४,९२१,०००.०० | २२०,५३८,१३४.९४ | | २२०,५३८,१३४.९४ |
| **घ. अन्य भुक्तानी** | | ३९६,८३३,८७४.०१ | १५५,९२७,३२८.७१ | | १५५,९२७,३२८.७१ |
| कोषहरु | | ९४,६५५,४३७.०० | २२,६३४,६६७.९० | | २२,६३४,६६७.९० |
| धरौटी | | - | २,२०७,५८५.८१ | | २,२०७,५८५.८१ |
| संधीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३०२,१७८,४३७.०१ | १३१,२३३,१७९.०० | | १३१,२३३,१७९.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | - | (१४८,१०४.००) | | (१४८,१०४.००) |
| ङ. यो वर्षको बचत ( न्युन ) | | (७९,८४६,०००.००) | २५,१५६,७५८.३१ | | २५,१५६,७५८.३१ |
| च. गत वर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ४७,२५९,५०९.८७ | | ४७,२५९,५०९.८७ |
| **वर्षान्तको बाकी रकम (ङ+च )** | | **(७९,८४६,०००.००)** | **७२,४१६,२६८.१८** | | **७२,४१६,२६८.१८** |
| बैक तथा नगद बाँकी | २४ | | ७२,४१६,२६८.१८ | | ७२,४१६,२६८.१८ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **वित्तीय विवरण विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिएअनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ६८५१६४३९.७९ ले फरक देखिएको छ ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणात्मक नरहेको ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| १.१. | नगरपालिकाले तयार गरेको वित्तीय प्रतिवेदन मा क) प्राप्ती (संचित कोषमा आम्दानी बाँधिने) मा कर रु.१३८४९९८१९।९० अनुदान रु.३६९२४८०००। र अन्य राजस्व रु१४६१४६७३।३० गरी जम्मा रु.५२२३६२४९३।२० हुनुपर्ने मा रु.५२६८१०३०१।२० देखाएकोले फरक रकम रु.४४४७८०८। भौ.नं.९६/०७७/३/३१ को रु.७३५४५८, भौ.नं.८६/०७७/३/२८ को रु.३४३२४२०/- र भौ.नं.७४/०७७/३/३१ बाट रु.२७९९३०/- संचित कोषमा आम्दानी देखाएकोमा वित्तिय प्रतिवेदनमा समावेश छैन । | |
| १.२. | **जिम्मेवारी फरक परेको**ः स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.४३१२४९२४.९४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.४७२५९५०९।८७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४१३४५८४.९३ बढी जिम्मेवारी सारेको छ । | |
| १.३. | संचितकोषको हिसाव एकिकृत आय व्ययले गत वर्षको मौज्दात रु.४०१३५२७०.०२ उल्लेख छ भने वित्तीय विवरणले रु.४४३०९१८५।१३ देखाएकोमा रु.४१७३९१५।११ फरक रकम गत वर्षको नगद मौज्दात भनि आम्दानी बाँधेको छ । | |
| १.४. | गत वर्षको प्रतिवेदनमा कर्मचारी कल्याणकारी कोष रु.२४१२७४६ मौज्दात देखाएकोमा यस वर्ष आम्दानी नजनाइ एकमुष्ट रु.२०८९२६२.६० खर्च गरेको देखिएको छ । बाँकी रु.३२३४८०.४० आम्दानी बाँध्नुपर्नेमा बैंक स्टेटमेन्टमा देखिएको तर आय-व्यय विवरणमा समावेश नगरेकोले आम्दानी बाँध्नुपर्ने रु. | ३२३४८०.४० |
| १.५. | धरौटीको गत वर्ष प्रतिवेदनमा रु.२९८९६४५.७४ देखाएकोमा वित्तिय प्रतिवेदनमा रु.२९५०३२.७४ देखाएकोमा रु.३९३३० घटी देखाएको रु. | ३९३३० |
| २. | **बैक हिसाब मिलान नगरेको**ः स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | संचित कोष खाता | ९४३७६६४.६९ | ११२८५६८६.०७ | १८४८०२१.३८ |
| २ | पुँजीगत खाता | ० | १५८९४४८२.५१ | १५८९४४८२.५१ |
| ३ | चालु खाता | ० | ३४१६६७७७.५ | ३४१६६७७७.५ |
| ४ | धरौटी | ४९८२९७१.९९ | ४९३१९७१.९९ | .-५१०००. |
| ५ | प्रकोप व्यवस्थापन कोष | १९४५१५९.९१ | २१२२७२१.९१ | १७७५६२. |
| ६ | आकस्मिक कोष खाता | ३७०७९९९.११ | ३७०७९९९.११ | ०. |
| ७ | विविध खर्च खाता | ७७०९५१६ | २३८६६६३२ | १६१५७११६. |
| ८ | कर्मचारी कल्याणकारी कोष | ० | ३२३४८०.४० | ३२३४८०.४० |
| | जम्मा | २७७८३३११.७ | ९६२९९७५१.४९ | ६८५१६४३९.७९ |

| | | |
|---|---|---|
| २.१. | संचितकोषमा आषाढ मसान्तमा श्रेस्ता अनुसार रु.९४३७६६४।६९ र बैंक अनुसार रु.११२८५६८६।०७ देखाएको फरक रकम रु.१८४८०२१।३८ बैकमा बढी देखिएको छ । | |
| २.२. | नगरपालिकाले चालु खाता तर्फको रु.३४१६६७७७.५ र पूजीगत खातातर्फको रु.१५८९४४८२.५१ को चेक साँट्न बाँकीको विवरण तयार गरेको छ । चेक साट्न बाँकीको म्याद सम्म चालु खाता र पुँजीगत खाता शुन्य बनाएको छ । | |
| २.३. | धरौटीमा आ व को अन्त्यमा श्रेस्ता अनुसार रु.४९८२९७१.९९ र आषाढ मसान्तको बैंक बाँकी रु.४९३१९७१.९९ देखाएकोमा रु.५१००० घटी फरक परेको रकम संचितकोषमा रहेको रु.७०००० धरौटीमा ट्रान्सफर गरेर आम्दानी बाँधेको र .१९००० को चेक साट्न बाँकीको विवरण पेश गरेको छ । | |
| २.४. | प्रकोप व्यवस्थापन कोषमा रु.१७७५६२.०० र विविध खर्च खातामा रु.१६१३७११६ गरी जम्मा रु.१६३१४६७८ बैक बढी देखिएको छ । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगर पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमके मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको छ ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामाको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका तथा विषयगत शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• विषयगत शाखाहरु स्वास्थ्य तथा आयुर्वेद शाखातर्फका खर्च हुने जिन्सी खाता प्रमाणित गरेको पाइएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| | पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहाका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका ४० कर्मचारीको रु.२२४३८५४४।३१ तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| | **बजेट तथा कार्यक्रम** | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकामा नगर उप प्रमुख श्री लक्ष्मी दनुवारले मिति २०७६/३/३० गते रु.७१ करोड ४८ लाख २६ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ५. | **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले यो बर्ष रु.४ करोड ३० लाख ९७ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट कार्यक्रम खर्च गर्ने गरेको पाइयो । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ६. | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यको लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिती देहायबमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | |
| १ | पुँजिगत खर्च | २२०५३८ | १८२५६ | ५१७८३ | १५०४९७ | १११२८९ |
| | खर्च प्रतिशत | **१००** | **८.२७** | **२३.४८** | **६८.२४** | **५०.४६** |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७. | **लक्ष्य प्रगतिः** नगरपालिकाले निम्नानुसार योजना संचालन गरेको प्रगति पेश गरेको छ । नगरपालिकाले सञ्चालन गरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरुको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन । अतः छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजना र सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया पारदर्शी बनाउनु पर्दछ । | |

| कार्यक्रम योजना | यो वर्ष खर्च | वित्तिय प्रगति | भौतिक प्रगति | ७५% भन्दा न्युन प्रगतिको कारण |
|---|---|---|---|---|
| चालु | ३०२३९१८९९ | ८८% | ८८% | |
| पुँजिगत | २२०५३८००० | ६२% | १००% | रकम अभावका कारण ०७७/०७८ मा दायित्व सारेको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरणः** नगरपालिकाको क्षेत्रगत बजेट खर्च स्थिति निम्नानुसार रहेको छ । | |

| क्षेत्र | **बजेट** | खर्च | प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २८९५०००० | २०९७६४९१ | ४.०१ |
| सामाजिक विकास | ३०८४२३०२० | २४८५६५४०८ | ४७.५३ |
| पूर्वाधार विकास | १९४६४०००० | १३९६११५८१ | २६.७० |
| वातावरण तथा विपद् व्यवस्थापन | ६३५०००० | ४७९९७४० | ०.९२ |
| वित्तिय व्यवस्थापन शुसासन | ५८५०३००० | १९२५४८०९ | ३.६८ |
| कार्य संचालन प्रशासनिक खर्च | १०७५०४००० | ९४५२१७४४ | १८.०८ |
| जम्मा | ७०४३७००२० | **५२२९३००३४** | १०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९. | **सेवा प्रवाहः** नगरपालिकाले यस आर्थिक वर्षमा निम्न अनुसार सेवा प्रबाह गरेको विवरण प्राप्त भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्दछ । | |

| **क.स** | **विवरण** | **सख्या** | |
|---|---|---|---|
| | | प्राप्त | सम्पन्न |
| १. | नागरिकता सिफारिस | ११३३ | ११३३ |
| २. | घरबाटो सिफारिस | १०८४ | १०८४ |
| ३. | नाता प्रमाणित | २२१७ | २२१७ |
| ४. | जन्म मृत्यु दर्ता | ० | ७१३० |

| दफा | भौ.नं., मिति र व्यहोरा | | | | बेरुजू रकम |
|---|---|---|---|---|---|
| | ५. | अन्य | २२१० | २२१० | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १०. | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत सहित ५२ जना पदपूर्ती भएको देखिन्छ । | |
| ११. | कर्मचारी करार – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३३ जना कर्मचारीहरु करारमा राखी रु.८९८४५६०/-खर्च लेखेको छ ।<br>त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको इन्जिनियर पदमा ७ जना करार नियुक्ति गरी बर्ष भरीमा रु.२६६७४७०/- भुक्तानी गरेको छ । | |
| १२. | **कर्मचारी प्रोत्साहन भत्ताः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न गो.भौ., मितिबाट कार्यालयमा कार्यचापको कारण जनाई रु.३४९५१४९.४१ कर्मचारी प्रोत्साहन खर्च लेखेको छ । | |

| गो.भौ.-मिति | खर्च शिर्षक | खर्च रकम |
|---|---|---|
| ३४९-०७६।११।१५ | अन्य भत्ता | ७२०६६६.४१ |
| ६२९-२०७७।०३।२२ | कर्मचारी पारिश्रमिक | १८३८६४३ |
| ७३२-०७७।०३।२९ | पारिश्रमिक, महंगी भत्ता, अन्य सेवा शुल्क | ९३५८४० |
| **जम्मा** | | **३४९५१४९.४१** |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १३. | **करार कर्मचारीको १०% कल्याणकारी कोष सुविधाः** नगरपालिकाले करार सेवामा कार्यरत कर्मचारीहरुको कल्याणकोष कट्टी बापत शुरु तलबको १०% रकम कार्यालयको तर्फबाट थप गरी सोही रकम बरारबरको कर्मचारीको तलबबाट कट्टा गरी २० जना करार कर्मचारीहरुको तलब, भत्ता भूक्तानी भएको देखिन्छ।नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी तथा कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने तथा स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त संघीय कानून बमोजिम हुनेगरी स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था रहेको छ । आ.व.२०७६।०७७ मा स्थायी, करार कर्मचारीहरुको कल्याणकोष बापतको रकम रु.१०२७७२०.८ ट्रान्सफर गरेकोमा २० जना करार कर्मचारीहरुको कल्याणकोष बापत रु.५५७९६४/- व्यहोरेको देखिन्छ । करार कर्मचारीहरुका लागि कल्याणकोष बापतको रकम कार्यालयबाट थप हुने व्यवस्था प्रचलित संघीय कानूनको सिद्धान्त र मापदण्ड बमोजिम स्वीकृत भएको नदेखिएकाले उक्त कार्यविधि बमोजिम भुक्तानीबाट नगरपालिकालाई रु.५५७९६४ थप व्ययभार परेको छ । | |
| १३.१. | **कर्मचारी अवकाश कोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृतभरण, औषधी उपचार लगायत सुविधा उपलब्ध गराउनका लागि एक कोषको व्यवस्था | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गर्नुपर्ने, कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १०% रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था उल्लेख छ।स्थानीय सेवाका कर्मचारी अवकाश हुँदा कानून बमोजिम पाउने योगदानमा आधारित उपदान वा निवृतभरण, औषधी उपचार लगायतका सबै सुविधा उक्त कोषबाट उपलब्ध गराउनु पर्ने व्यवस्था अनुरुप नगरपालिकाले स्थानीय सेवामा कार्यरत कर्मचारीहरुका लागि कल्याणकोष बापत कर्मचारीको शुरु तलबबाट १०% कट्टा गरी सोही रकम बराबरको रकम थप गरी छुट्टै कर्मचारी अवकास कोष वा कल्याणकारी कोष खडा गर्नुपर्नेमा कर्मचारीहरुको व्यक्तिगत कर्मचारी कल्याणकोष खाता खोली ट्रान्सफर गरेको देखिन्छ। | |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १४. | **कानून र सञ्चालन स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले लेखापरीक्षण अवधिसम्म २३ वटा ऐन, २ नियमावली २४ कार्यविधि, ४ निर्देशिका र ३ वटा नर्म्स गरी जम्मा ५६ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| १५. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार २८ विवाद दर्ता भएकोमा १६ वटा मात्र फछ्र्यौट भई १२ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १६. | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर यस नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको अन्तिममा मात्र आन्तरिक लेखापरीक्षण गराइ प्रतिवेदन पेश गरेको छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| १७. | **सल्लाहकार** - बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५(पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको कानुनी सल्लाहकारका रुपमा अधिकृत छैठौंस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री मन्दीरा अधिकारी र प्रेस सल्लाहकारको रुपमा श्री कपिल कोइरालालाई नियुक्त गरी मासिक रु.३७९९० का दरले रु.९८७७४०/- भुक्तानी भएको छ । | |
| १८. | **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रु.२५ लाख २० हजार खर्च गरेको छ । | |
| १९. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.२७९६४० आर्थिक सहायता कार्यविधि बनाई वितरण गरेको छ । | |
| | **अनुदान फिर्ता, वितरण र उपयोग** | |
| २०. | **प्रदेश समपुरक अनुदान** — आर्थिक मामिला तथा योजना मन्त्रालय, बागमती प्रदेशको प.सं.१३।२०७६।७७ च.नं.४५१ मिति २०७६।०९।०७ को पत्रमा स्थानीय तह र प्रदेश सरकारको ५०।५० प्रतिशत लागत साझेदारी रहने गरी स्थानीय प्रथामिकता प्राप्त योजना संचालन गर्दा कुल लागत अनुमान भन्दा घटीमा ठेक्का व्यवस्थापन भएको अवस्थामा ठेक्का सम्झौता भएको ५० प्रतिशत रकम मात्र प्रदेश सरकारको लगानी हुने र | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | प्रदेश सरकारबाट उपलब्ध गराइएको रकममा कबोल अंकको ५० प्रतिशत घटाउँदा बचत हुने रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने उल्लेख छ । जसअनुसार यस स्थानीय तहले ठेक्का बन्दोबस्त गरेको तिरतिरेधारा घुमाउने चौर कोट्याङ सडक निर्माण कार्यको कुल लागत रु.१९९९७४००।०० भएकोमा ठेक्का बन्दोबस्त गर्दा रु.१२५७७३१७।९० मा सम्झौता भएकोले सोको ५० प्रतिशतले हुने रकम रु.६२८८६५८।९८ मात्र प्रदेश सरकारको समपुरक अनुदानबाट खर्च गर्न मिल्ने देखिन्छ । तसर्थ प्रदेश सरकारबाट प्राप्त रु.११५४०४००। मा उक्त रकम रु.११०००००। घटाउँदा बाँकी हुन आउने रकम रु.१०४४०४००। प्रदेश संचित कोषमा २०७७।४।८ मा दाखिला गरेको छ। | |
| २१. | **सःशर्त अनुदान —** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७४।७५ च.नं. १०६४ मिति २०७५।३।३ को सशर्त अनुदान रकम फिर्ता सम्बन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानको रकम आषाढ मसान्तसम्म खर्च हुन नसकेमा संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । यस स्थानीय तहलाई चालु तथा पुँजिगत शिर्षकमा रु.२१८३३००००।०० प्राप्त भएकोमा रु.१९०१४८४२१।४४ खर्च भई रु.२८१८१५७८।५६ बाँकी रहेकोमा मिति २०७७।४।८ मा फिर्ता गरेको पाइयो । | |
| २२. | **अनुदानको अनुगमन** - सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषितर्फ रु २४ लाख ५० हजार, पशुतर्फ रु ४ लाख ३४ हजार, र शैक्षिक सेवा तर्फ रु २ करोड ३२ लखा ६८ हाजर गरी जम्मा रु.२ करोड ६१ लाख ५१ हजार खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| | **कर दस्तुर एवं आन्तरिक आय** | |
| २३. | **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचा तथा प्रदेश नं. ३ को आर्थिक ऐन २०७४ को दफा २(झ) मा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ।नगरपालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने हुन आएको राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्पुटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ । | |
| २४. | **आम्दानीको स्थिति** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्र भित्र कानून अनुसार कर लगाउने तथा असुल गर्नसक्ने व्यवस्था रहेको छ । जस अनुसार नगरपालिकाले यस वर्ष विभिन्न शिर्षकमा रु.१५३११४४९३.२० अर्थात ६७.११ प्रतिशत आम्दानी गरेको देखिन्छ । | |

| सि नं | राजस्व संकेत | शीर्षक | अनुमानित आय | कुल आम्दानी | प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ११३१३ | एकीकृत सम्पत्ति कर | १०००००००० | ५६२७४३०.२० | ५६.२७ |
| २. | ११३१४ | भुमिकर/मालपोत | ८००००० | ५०५५७२.८४ | ६३.२० |
| ३. | ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४०००००००० | ३७१७३५१८.३४ | ९२.९३ |
| ४. | ११३२१ | घरबहाल कर | १०००००० | ९१३०६९.८३ | ९१.३१ |
| ५. | ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ४५४५०००० | ४७७६९१२६.७८ | १०५.१० |
| ६. | ११४२१ | बाँडफाँड भइ प्राप्त हुने अन्तशुल्क | ४५४५०००० | १३११८२८३.९९ | २८.८६ |
| ७. | ११४५१ | सवारी साधन कर (साना सवारी ) | १०००००० | २०००० | २.०० |
| ८. | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६०००००० | १४७१९३८ | २४.५३ |
| ९. | ११४५६ | बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | ३५१५९००० | ३१९००८७९.९२ | ९०.७३ |
| १०. | ११४७२ | बाँडफाँड बाट प्राप्त हुने विज्ञापन कर | ६७००० | ० | ०.०० |
| ११. | ११४७९ | मनोरन्जन कर | ५०००० | ० | ०.०० |
| १२. | १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | १२०००० | १८००० | १५.०० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १३. | १४१५७ | बाँडफाँट भई प्राप्त दहत्तर बहत्तर विक्रिबाट प्राप्त हुने आय | २५०००००० | ० | ०.०० |
| १४. | १४२१३ | अन्य बिक्रीबाट प्राप्त रकम | ६५०००० | ७७२१५० | ११८.७९ |
| १५. | १४२४२ | नक्सापास दस्तुर | ६६६६०२० | २९७०९११.०८ | ४४.५७ |
| १६. | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १६०००० | १३४६२० | ८४.१४ |
| १७. | १४२४५ | नाता प्रमाणित दस्तुर | ३००००० | ४४४०५९.८१ | १४८.०२ |
| १८. | १४२४९ | अन्य दस्तुर | १००००० | ७१७९३०५.४१ | ७१७९.३१ |
| १९. | १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | २००००० | ६७६१४ | ३३.८१ |
| २०. | १४६११ | व्यवसाय कर | १००००००० | ३०२८०१३ | ३०.२८ |
| | | जम्मा | २२८१७२०२० | १५३११४९९३.२० | ६७.११ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २५. | नगरपालिकाले नगदी रसिदको विवरण पेश गरेको भएतापनि वडा कार्यालयहरुले कति प्रयोगमा ल्याइ वर्षको अन्त्यमा कति बाँकी छन् सो को अभिलेख नराखेको, नगरपालिकले प्राप्त भएको रसिदबाट एकमुष्ट जोड जम्मा गरी बैक दाखिला गर्ने गरेको पाइयो । रसिदबाट हुने आम्दानीको दैनिक आम्दानी खाता, बैंक दाखिला खाता लगायतका म.ले.प. फारमहरु प्रयोग नगरेको कारण आम्दानी भिडान हुने अवस्था छैन । | |
| २६. | **रकम ढिला दाखिला गर्नेः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.६ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २ /३ महिना पछी मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्वन्धित पक्षले ध्यान जानु पर्दछ । | |
| २७. | **आन्तरीक आम्दानी तर्फः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (३) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ।नगरपालिकाले यो वर्ष रु १३ वटा वडा कार्यालय र नगरपालिकबाट संकलन गरेको सम्पति कर तथा अन्य गरि रु.२२६३०६८१।१७ बैक दाखिला गरेको देखियो।तर नगरपालिकाले दैनिक आम्दानी भएको अभिलेखको आधारमा मलेप फा नं १०९ को राजश्व आम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन । राजस्व आम्दानी बैंक नगदी किताब नराखेको कारण दैनिक आम्दानी रकम कहिले कहिले कति रकम बैंक दाखिला भयो भनि एकिन गर्न सकिएन। | |
| २८. | **IEE रिपोर्टः** नगरपालिकाले सेवा र परामर्श खर्च शिर्षकबाट सुनकोशी नदीजन्य पदार्थ ढुंगा, गिटी, बालुवा संकलन, उत्खनन्का लागि वातावरणीय परीक्षण (**IEE**) अध्ययन प्रतिवेदन तयार गर्न कोटेशनबाट परामर्शदाता छनौट गरी गो.भौ.५२।२०७६।०६।०२ बाट रु.४८१,३८० खर्च लेखेको छ । परामर्शदाताको प्रतिवेदनबाट नदी उत्खनन् कार्यबाट राजस्व रु.५१,९७,८७७।५०, विक्री वितरणबाट राजस्व रु.१,०३,९५,७५५ संकलन गर्न सकिने सम्भाव्यता देखाएतापनि यस कार्यका लागि हाल सम्म कुनै ठेक्का प्रक्रिया शुरु गरेको पाईएन । मुद्धा मामिलाको कारण ठेक्का पट्टा गर्न नसकिएको नगरपालिकाको भनाइ रहेको छ । | |
| २९. | **व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३०२८०१३ कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३०. | **विज्ञापन कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईन बोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लो बोर्ड, स्टल, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागाइ असूल गरी उल्लेख छ । तर पालिकाले यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् । | |
| ३१. | **कृषिमा आय कर** - बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ६ मा आफ्नो कृषि आय प्रस्तुत गर्ने कृषकहरुको लागि निजहरुको स्वयं घोषणाको आधारमा कृषि आयमा कर लगाई असूल गरिने उल्लेख छ । तर पालिकाले यसवर्ष यस सम्बन्धी कुनै कर असूल गरेको देखिएन् । | |
| | **उपभोक्ता समिति मार्फत कार्य** | |
| ३२. | **लागत सहभागिता** – पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| ३३. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| भौ.नं.मिति | योजनाको नाम | सम्झौता रकम | प्रयोग भएको | सम्पन्न मुल्याङ्कन |
|---|---|---|---|---|
| २८०/०७७/२/२७ | तामाघाट डाँडोखोला कृषि सडक उ.स | १९४२२६४.६३ | एक्साभेटर डोजर | १९४२३६४.६३ |
| २९०/०७७/२/२९ | खोलेखेत कालापत्थर सडक | १६४८०६१ | एक्साभेटर डोजर | १६४८०६१.९१ |
| ३१५/०७७/३/९ | कालापत्थर खानफ दोभान सम्म कृषि सडक उ.स | १५३९१९९.५२ | एक्साभेटर डोजर | १६५२५२५ |
| ३४७/०७७/३/१० | तामाघाट डाँफेघाट कृषि सडक | १५८६३४८ | एक्साभेटर डोजर | १७६६३४८.९९ |
| ४७३/०७७/३/२५ | बेला डिप बोरिङ्ग खानेपानी उ.स | २३४१५३३.८८ | बोरिङ्ग मेसिन | १९५६४४९.४४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३४. | **महिला औद्योगिक ग्राम स्थापना आयोजनाः** नगरपालिकाको वडा ७ मा महिला औद्योगिक ग्राम स्थापना गर्न संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट रु.९२०००००।निकासा प्राप्त भएकोमा सडक स्तरोन्नती र डिप बोरिङ्गको काम गरी रु.५७४५४१९।खर्च गरेको छ । | |
| ३५. | **बढी भुक्तानीः** वडा नं ७ को श्रीरामपाटी खानेपानीको डिपबोरिङ्गको काम उपभोक्ता समितिबाट सम्पन्न गरेको प्राविधिक मुल्यांकन रु.२०६८१११।३० मा उपभोक्ता समितिको अंश रु. ३०८०१५।६१ कट्टा गरी हुने रु.१७६००९५।६९ मात्र भुक्तानी गर्नु पर्नेमा भौ नं ३।०७७।३।३१ बाट समितिलाई रु.१८८००००। भुक्तानी गरेकोले रु ११९९०४।३१ बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | ११९९०४.३१ |
| ३६. | **पाइप मौज्दातः** वडा नं ७ को श्रीरामपाटी खानेपानीको डिपबोरिङ्गको लागि बिभिन्न साइजको एच डि पि पाइप २७६० मिटर खरिद गरेको भनी रु.३१२९९९ खर्च गरेकोमा खरिद सबै पाइप वडा कार्यालयमा दाखिला गरी २०७७।३।२९ मा उपभोक्ता समितिलाई हस्तान्तरण गरेकोमा उक्त पाइप यो वर्ष योजनामा उपयोग गरेको देखिएन । वर्षको अन्त्य सम्म पनि उपयोग नगरी मौज्दात राखेकोले मौज्दात राख्नको लागि मात्र खरिद गर्नु उपयुक्त देखिएन । | |
| ३७. | **प्रदेश पुर्वाधार कार्यक्रमः** प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ७ परियोजना सञ्चालन गर्न रु.११००००००/- बजेट प्राप्त भएकोमा रु.१०७०२२५२। खर्च भई ९७ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ । | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति प्रतिश | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| भौतिक पुर्वाधार | ७ | ११०००००० | १०७०२२५२ | | ९७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३८. | **निर्माण ब्यवसायीबाट काम गराएकोः** सार्वजनिक खरिद नियमावली २०६४ नियम ९७ को उप नियम १० मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण ब्यवसायी वा | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सव कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा निम्न उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण काम गर्न नगरपालिकासंग सम्झौता गरी नियम विपरित निर्माण ब्यवसायीबाट उक्त निर्माण काम गराई समितिले सम्झौता बमोजिमको रकम भुक्तानी लिने गरेको देखियो यस बाट उपभोक्ता समिति तथा नगरपालिकाले सार्वजनिक खरिद नियमावलीको पालन गरेको देखिएन यसका केही उदाहरण निम्न बमोजिम छन । | |

| भौ न मिति | योजनाको नाम | लागत अनुमान | निर्माण व्यवसायी | समितिबाट भुक्तानी |
|---|---|---|---|---|
| १।०७६।१२।९ | भोकटेनी पहरी खोला साइनडांडा कृषि सडक | १७७७३५५।७९ | जि क्यू एण्ड डि निर्माण तथा सामाग्री | १७७७८०६ |
| २४१।०७७।२।१४ | जोगीटार खोलीखेत कृषि सडक १३ | १७४७५११। | न्यू एण्ड डि निर्माण तथा सामाग्री सप्लायर्स | १६४७५१९ |
| २८०।०७७।२।२७ | तामाघाट डांफेखोला कृषि सडक | १९४२२६४ऽ | साहिमा निर्माण सेवा<br>गौतम कन्स्ट्रक्सन<br>मनकामना निर्माण सेवा | १०००४०२<br>५००२४३<br>५००२४३ |
| २९०।०७७।३।२९ | खोलिखेत कालापत्थर सडक | १६४८०६१। | जि क्यू एण्ड डि निर्माण तथा सामाग्रि सप्लायर्स | १६४८०८३ |
| ३१५।०७७।३।७ | कालापत्थर खानी दोभान सम्म कृषि सडक | १५३९१९९।५२ | जि क्यू एण्ड डि निर्माण तथा सामाग्रि सप्लायर्स | १५५२५२५ |
| ३४७।०७७।३।१० | तामघाट डांफेखोला कृषि सडक | १९४२६९६ | मनकामना निर्माण सेवा | १३३२०५६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३९. | **कन्टेनजेन्सी रकमः** प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गतका योजना/कार्यक्रम संचालन सम्बन्धि मापदण्डको बुदा नं.५ मा सशर्त अनुदान बापतको रकम चालु आर्थिक वर्षको असार मसान्तसम्म खर्च नभइ वा विनियोजित रकम भन्दा कम रकमका कार्य सम्पन्न भएमा सो बचत भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रदेश सरकारबाट प्राप्त निकासा रकमबाट योजनाको लागत अनुमानको ३ प्रतिशत कन्टेनजेन्सी वापतको रकम कट्टा गर्ने गरेकोमा कन्टेनजेन्सी रकम खर्च नगरी नगरपालिकाको संचितकोषमा रु.१५१७६३। मौज्दात राखेकोले खर्च नभएको कन्टेन्जेन्सी वापतको रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्ने रु. | १५१७६३ |
| | **स्थानिय पुर्वाधार विकास साझेदारी कार्यक्रम** | |
| ४०. | **स्थानिय पुर्वाधार विकास कार्यक्रमः** स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम कार्यान्वयन हुने स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमको लागि यस स्थानीय तहलाई देहायअनुसार ४ परियोजना सञ्चालन गर्न रु.१६००००००/- बजेट प्राप्त भएकोमा रु.१२६७९२५५। खर्च भई ६९.८१ प्रतिशत भौतिक प्रगति प्राप्त भएको देखिन्छ । तिरतिरे धारा भ्यु टावर हुँदै पदाली सडक सडक स्तरोन्नतीमा खर्च नभएको कारण योजनको लागि विनियोजन भएको रु.५०००००० कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यक्रममा ट्रान्सफर गरेको छ । | |

| आयोजनाको प्रकार | आयोजनाको संख्या | बजेट रकम | खर्च रकम | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| कोरोना भाइरस रोकथाम तथा नियन्त्रण कार्यक्रम | १ | ५०००००० | ५०००००० | १०० | १०० |
| सडक तथा पुल निर्माण | ४ | ११०००००० | ७६७९२५५ | ६९.८१ | |
| जम्मा | | १६०००००० | १२६७९२५५ | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४१. | **कन्टेनजेन्सी रकमः** अर्थ मन्त्रालयको आथिक वर्ष ०७६/०७७ को अन्तर सरकारी वित्तिय हस्तान्तरण सम्बन्धि व्यवस्था तथा मार्गदर्शनको बुँदा नं.९ मा सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभइ बचत भएमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघिय संचित कोषमा फिर्ता दाखिला गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रदेश सरकारको सशर्त अनुदान अन्तर्गतका योजना/कार्यक्रम संचालन सम्बन्धि संघिय सरकारबाट प्राप्त निकासा रकमबाट योजनाको लागत अनुमानको ३ प्रतिशत कन्टेनजेन्सी वापतको रकम कट्टा गर्ने गरेकोमा कन्टेनजेन्सी रकम खर्च नगरी नगरपालिकाको संचितकोषमा रु.६६१२७। मौज्दात राखेकोले खर्च नभएको कन्टेनजेन्सी वापतको रकम संघिय संचित कोषमा दाखिला गर्नु पर्ने रु. | ६६१२७ |
| ४२. | **बिल वेगर भुक्तानीः** खावा हनुमानस्थान सडक निर्माणको लागि उपभोक्ता समितिसंग रु.२४०४०२१।७९ को लागत अनुमान सम्झौता अनुसार सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार रु.२४०४०२१।७९ मा जनसहभागिताको अंश कट्टा गरी भौ नं ६।०७७।३।२६ बाट रु.१९२००००। भुक्तानी गरेको छ । सडक निर्माण काममा १२ से मी खानीको ग्राभेलबाट सब बेस मिलाउन कामदारको ज्याला रु.१०८।७५, ग्राभेलमा मु अ कर थप गरी रु.१६२।७२ र ३ प्रतिशत टुल्सको समेत रु.२७९।६१ को दरको आधारमा ४३७० घ मी को रु.१२२१८९५।७० भुक्तानी गरेको देखियो।मुल्य अभिबृद्धिकर समेतको दरमा खानीको ग्राभेल आपूर्ति गरेकोले मुल्य अभिबृद्धि कर रु.८१८०६। को बिजक पेश गर्नु पर्ने रु.२६६१० को मात्र | ५५१९६ |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बिजक पेश गरेकोले बिल बेगर रु.५५१९६ बढी भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | |
| | **नगरपालिका पुँजिगत तर्फ** | |
| ४३. | **हिसाब मिलानः** वडा नं ११ स्कुल मुनिबाट विचारीचौर स्वाहा सडक उपभोक्ता समितिबाट सम्पन्न कामको मुल्याकंनबाट रु.८९८२९०। मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्नेमा भौ नं ४९७।०७७।३।२४ बाट रु.१००००००। भुक्तानी गरेको बढी भुक्तानी रु.१०१७१०।मिति २०७७।३।२५ मा फिर्ता गरी नगरपालिकाको संचितकोष दाखिला गरेकोमा नगरपालिका पुजिगत तर्फ खर्च घटाई हिसाब मिलान गर्नु पर्नेमा खर्च घटाएको छैन। | |
| ४४. | **प्रिन्टर खरिदः** नगरपालिकाले सबै वडा कार्यालयहरुमा अनलाइनबाट सम्पतीकर राजस्व संकलन गर्न निम्न भौ.नं. तथा मितिमा सोलुसन स्टोर नेपाल प्रा लि बाट प्रिन्टर खरिद गरी भौ.नं.८।०७६।६।८ बाट रु.८६९३२०। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन | |

| भौ न मिति | आपूर्तिकर्ताको नाम | सामानको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८।०७६।६।८ | सोलुसन स्टोर नेपाल प्रा लि | प्रिन्टर १२ थान | ३९७८८४। |
| ३३।०७६।७।५ | सोलुसन स्टोर नेपाल प्रा लि | प्रिन्टर १४ थान | ४७१४३६। |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ४४.१. | सोलुसन स्टोर नेपाल प्रा लि बाट प्रति रु.२८९०० का दरले १२ थान प्रिन्टरको मुल्य अभिबृद्धिकर समेत रु.३९१८८४।मात्र भुक्तानी गर्नु पर्नेमा रु.३९७८८४। भुक्तानी गरेकोले रु.६०००। बढि भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | ६००० |
| ४४.२. | सोलुसन स्टोर नेपालबाट मिति ०७६।५।२३ मा १२ थान प्रिन्टर आपुर्ति गर्दा प्रति थान रु.२८९००।मा उपलब्ध गराएको छ भने सोही सोलुसन स्टोरले मिति २०७६।६।२९ मा १४ थान प्रिन्टरको प्रति रु २९८००।को दरमा प्राप्त गरी भुक्तानी गरेकोले प्रति थान रु ९००। बढि भएको कारण एकै प्रकारको सामान एकै आपुर्ति कर्ताबाट खरिद गर्दा समेत नगरपालिकालाई रु.१२६००। बढि व्यय भार पर्न गएको रु. | १२६०० |
| ४५. | **सफ्टवेयर खरिद -** नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । यस नगरपालिकाले आय लेखा सम्बन्धी सफ्टवेयर खरिद गरी सिल्क रोड इन्भेष्टमेन्ट ट्रेडिङ प्रा लि लाई गो.भौ.नं.१८/०७६/६/१६ बाट रु.४९७९९१/- र चालु शिर्षकबाट गो.भौ.नं.९३।२०७६।०७।०६ बाट न.पा.का १३ वटा वडाहरुमा आयलेखा सफ्टवेयर खरिद तथा जडान बापत साग्रिला ईन्फरमेटिक्स प्रा.लि.लाई रु.४९७,९९१ बाट गरी जम्मा रु.९९८९८२/- भुक्तानी दिएकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । | |
| ४६. | **सोझै खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने र सोभन्दा माथि बोलपत्रबाट खरिद गर्ने व्यवस्था गरेको छ। नगरपालिकाले कार्यालय भवनको कोठाहरु कार्पेटिङ्ग, विभिन्न फर्निचर खरिद निम्न भौ नं मितिमा विभिन्न आपूर्तिकर्ताको बिल अनुसार खर्च गरेकोले नियममा तोकिएको व्यवस्था बमोजिम मात्र खरिद कार्य गर्नु पर्नेमा नियम विपरित हुने गरि पटक पटक रु.२५३७१२५ को सोझै खरिद गरेको रु.<br>नगरपालिकाको भवन निर्माण सम्पन्न नहुँदै अफिस कोठा सर्नु परेकोले आवश्यकता अनुसार खरिद गर्दै अफिस संचालन गरेकोले पटक पटक खरिद गरेको कार्यालयको भनाइ रहेको छ । | २५३७१२५ |

| भौ न मिति | आपूर्ति कर्ताको नाम | विवरण | खर्च रकम |
|---|---|---|---|
| ९।०७६।६।८ | म्याट्रेस एण्ड कार्पेट हाउस काठ | नगरपालिकाको कोठाहरुमा | ४९०४२० |
| १०।०७६।६।८ | शोयन इन्टरप्राइजेज काठ | ११ नं वडा कार्यालयमा | १६६०५८ |
| ११।०७६।६।८ | निशा इन्टरप्राइजेज काठ | नगरपालिकाको कोठाहरुमा | ४८९०६४ |
| १२।०७६।६।८ | बि के इन्टरप्राइजेज काठ | नगरपालिकाको कोठाहरुमा | ४९५४३७ |
| २४।०७६।७।५ | सुर्य किरण इन्टरप्राइजेज | सभाहल व्यवस्थापनकोलागि | ४३३८६३ |
| ६०।०७६।८।१२ | ओम होम ल्याण्ड फर्निचर उद्योग | कृषि शाखा र वडा नं १३ | २०१८१८ |
| १०८।०७६।८।१२ | सफर ट्रेडलिकं | नगरपालिकाको भवनको लागि | २६०४६५ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | २५३७१२५ | |
| ४७. | **प्रभाव मुल्याकनः** नगरपालिका भित्रको इट्टाभट्टाको प्रदुषण अध्ययन र मापनको लागि **SMS Engineering Pvt Ltd** भएको सम्झौता अनुसार तयार गरेको प्रभाव मुल्याकंन प्रतिवेदन ७ प्रति बुझाएको भनी भौ.नं. २४३।०७६।२।२१८ बाट रु.४९४३७५। भुक्तानी गरेकोमा उक्त प्रतिवेदन नगरपालिकाको जिन्सी खातामा आम्दानी बांध्नु पर्नेमा आम्दानी बाधेको छैन।प्रतिवेदनमा उल्लेखित सुझावहरु नगरपालिकाले कहिले कार्यान्वयन गर्ने तर्फ कारवाही गरेको देखिएन । | |
| ४८. | **चिसापानी सडक निर्माणः** नयांबाटो चिसापानी वडा नं ८ को सडक निर्माणको लागि रु.१९८२०१८३।४५ लागत अनुमान गरी बोलपत्रको माध्यमबाट सबभन्दा कम कबोल गर्ने सुगम इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सनसंग रु.१४१४७२१०।०७ मा सम्झौता गरेकोमा निर्माण व्यवसायीले सम्झौता अनुसार उक्त निर्माण काम सम्पन्न गरेको प्राविधिक मुल्याकंन अनुसार भौ.नं.४६८।०७७।३।२२बाट अन्तिम बिल सम्मको रु.१३७६१९१४।३० भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन। | |
| ४८.१. | **म्याद थपः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६मा खरीद सम्झौताको काबु बाहिरको परिस्थिति सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा त्यस्तै सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीको सम्झौता बमोजिमको काम समय मै सम्पन्न गर्न भर मग्दुर प्रयास गरेको थियो वा थिएन कावु बाहिरको परिस्थितिको कारणबाट काममा ढिलाइ भएको हो वा होइन भन्ने कुरामा जाँचबुझ गरी कारण मनासिब देखिएमा नियम अनुसार म्याद थप गर्न सकिने व्यवस्था गरेको छ । निर्माण व्यवसायीसंग भएको २०७६।२।२७ को सम्झौता अनुसार २०७६ भाद्र मसान्त सम्म सम्पन्न गर्न पर्नेमा बर्षायामको कारण काम सम्पन्न गर्न नसकेको निवेदनको आधारमा २०७६ कार्तिक १५ सम्म म्याद थप गरेकोमा नियम अनुसार उचित कारण वेगर म्याद थप गरेको देखियो। उक्त थप अवधि भित्र निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको हो भन्ने आधारको लागि ठेक्का बिल तथा नापी किताबमा निर्माण काम सम्पन्न भएको मिति उल्लेख गर्नु पर्ने विवरण उल्लेख नगरेको कारण सम्पन्न अवधि एकिन भएन । | |
| ४८.२. | **कार्य सम्पादन जमानतको अवधिः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० मा कार्य सम्पादन जमानत राख्नु पर्ने सो जमानतको अवधि सम्झौतामा उल्लेखित निर्माण कार्यको त्रुटी सच्चाउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनु पर्ने उल्लेख गरेको छ । निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार २०७६ कार्तिक १५ सम्म काम सम्पन्न गर्नु पर्ने अवधि भएकोले नियम अनुसार २०७७ मंसिर सम्मको कार्यसम्पादन जमानत अवधि भएको हुनु पर्नेमा २०७७ भाद्र २४ गते सम्मको मात्र अवधि भएको कार्य सम्पादन जमानत पेश गरेकोले नियम अनुसार जमानतको अवधि पुगेको छैन । | |
| ४८.३. | **बीमा सम्बन्धः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२ मा निर्माण काम, मेसिन र कामदारहरुको बीमा गराउनु पर्ने उल्लेख भए अनुसार नगरपालिकाले यस निर्माण कामको लागि ठेक्कामा रु.५००००।को बीमा शुल्क वापत रकमको व्यवस्था गरेको भएता पनि निर्माण व्यवसायीले नियम अनुसार बिमा गराएको छैन । | |
| ४९. | **नापी कितावः** निर्माण कार्यको परिमाण र मूल्यको खुलासाको लागि नापी किताबमा अभिलेख राख्नुपर्दछ । नापी किताबमा ठेक्का नं, आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम र निर्माणसँग सम्बन्धित अन्य खर्च समेत स्पष्ट रूपमा उल्लेख गरी नापजाँच गर्ने, सिफारिस गर्ने र स्वीकृत गर्ने कर्मचारीको पद, नाम, हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यबस्था छ ।यसरी तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुँदा नं.३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गरिएका सबै ठेक्काको नापी प्रयोजनका लागि, विल अनुसार निर्माणकार्यको परिमाण खुल्ने गरी लुजसिट प्रयोग गरेको देखिन्छ । निर्माण कार्यको नापजाँच र भुक्तानी देखिने गरी योजना/कार्यक्रम अनुसार निर्माण कार्यको हालसम्मको कार्य भएको परिमाण र खर्च देखिने एकीकृत अभिलेख खुल्ने नापी किताबमा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ ।नापी किताब | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | तथा ठेक्का बिलमा उपरोक्त कुनै बिबरण उल्लेख नगरेको केही भुक्तानी निम्न छन । | |

| भौ न मिति | निर्माण व्यवसायी | योजनाको नाम | सम्झौता रकम | हाल सम्मको खर्च | सम्पन्न गर्ने |
|---|---|---|---|---|---|
| ५७३।०७७।३।२६ | सगुन इन्जिनियरिङ्ग | समाज कल्याण अनयकोट पर्यटकीय सडक | १३६७२८८८। | १३१७६८९४। | ०७६।७।१५ |
| ८२।०७६।९।१४ | भोटेसिपा नि से | तिनकुने वडा नं २ कार्यालय सडक नाला | | १५२०७७२ | ०७६।८।१५ |
| ५७२।०७७।३।२६ | मातासीता देवी क. | नगरपालिका क्यान्टिन निर्माण | २१८७९०३। | १६४१४९४। | ०७६।१२।२१ |
| २५४।०७७।२।२१ | थ्रि जि कन्स्ट्रक्सन | खावा गणेश मा वि सडक | १३२६००३। | १३१३११०। | ०७६।१२।२५ |
| ५५४।०७७।३।२६ | फटिकेश्वरी नि से | तामाघाट घाट निर्माण | २०९८८१२। | २०२५०६२ | ०७७।२।३० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५०. | **बिल भरपाईः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३६ मा खर्च गर्दा खर्चको बिल भरपाइ सहितको लेखा राख्नु पर्ने भनी उल्लेख गरेको छ । नगरपालिकाले निम्न योजनाको निर्माण काम गर्दा उपभोक्ता समितिलाई सम्झौतामा उल्लेख गरेको बीमा तथा ल्याव टेष्ट वापतको रकम समितिले बीमा गरेको तथा निर्माण सामाग्रीहरुको ल्याव टेष्ट गरेको प्रमाण बेगर भुक्तानी गरेको असुल गर्नु पर्ने रु. | ३१०३८ |

| भौ न मिति | योजनाको नाम | निर्माण व्यवसायी | बीमा तथा ल्याव टेष्ट | रकम |
|---|---|---|---|---|
| १२६।०७६।१०।६ | गोल्मा देखि प्रा वि तामाङ्ग बस्ति सडक | जानुका निर्माण सेवा ८ | ल्याव टेष्टको | २५०००। |
| ८२।०७६।९।१४ | तिनकुने वडा नं २ कार्यालय सडकको नाला | भोटेसिपा निर्माण सेवा | बीमा १२०७६ भुक्तानी मध्ये रु ६०३८मात्र बिल | ६०३८ |
| जम्मा | | | | ३१०३८ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५१. | **क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीले सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पुर्व निर्धारित क्षतिपुर्ति दिनु पर्न व्यवस्था रहेको छ। निर्माण व्यवसायीले कार्य सम्पन्न गरेको मिति एकिन गर्न ठेक्का बिल र नापी किताबमा सम्पन्न मिति उल्लेख गरेको हुनु पर्नेमा सम्पन्न मिति उल्लेख गरेको छैन।निर्माण व्यवसायीले भुक्तानीको लागि दिएको निवेदन अनुसार सम्झौता भन्दा निम्न अवधि ढिला कार्य सम्पन्न गरेको आधारमा नियम अनुसार पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्ने देखिएको रु. | ९२५५६ |

| भौ नं मिति | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्पन्न गर्ने मिति | भुक्तानी माग मिति | बढी दिन लागेको | क्षतिपुर्ति रकम |
|---|---|---|---|---|---|---|---|
| १२६।०७६।१०।६ | गोल्मा देवि प्रा वि तामाङ्ग बस्ती सडक | जानुका निर्माण सेवा | ३३४२६५४ | ०७६।८।१५ | ०७६।९।१५ | ३० | ५०१३९ |
| ९८।०७६।९।२० | सर्वमंगला लामिडिही सडक | जन आदर्श नि से | २९२५३६२ | ०७६।७।२५ | ०७६।८।२४ | २९ | ४२४१७ |
| जम्मा | | | | | | | ९२५५६ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५२. | **परामर्श सेवाः** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले देहायअनुसारका परामर्श सेवाको खरिदमा गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी रु.९७४१०७१/- खर्च लेखेका छन् । नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन । डिपिआर गरे पश्चात मात्र आयोजनाको लागि बजेट प्राप्त हुने, दक्ष जनशक्तिको अभाव र फरक फरक प्रकृतिको काम भएको कराण बाहिरी श्रोतबाट गर्नु परेको र सो मध्ये अधिकाश योजना संचालनमा रहेको कार्यालयको भनाइ रहेको छ । | |

| डि पि आर विवरण | परामर्श दाता | खर्च रकम | आयोजनाको लागत | संचालनको अवस्था |
|---|---|---|---|---|
| वडा ३ र ५को ५ सडक | टेन्साइल स्ट्रक्चर प्रा लि | ३८६८९९ | | |
| अनैकोट खानेपानी वडा १ | नव्य टेक्नोलोजी प्रा लि | ३९५५०० | ५०१९७६९.७४ | चालु भएको |
| तिनकुने खाने पानी वडा २ | प्रोग्रेस इन्जिनियरिङ्ग कन्सुल्टेसी | ३९५५०० | २३०८७०५२ | चालु भएको |
| कोशीदेखा खानेपानी आयोजना | न्यू जेनेरासन इन्जिनियरीङ्ग क. | ४६८९५० | ३९४७४५२८.५५ | भएको |
| बेला डिप बोरिङ्ग र खामपुर | आसा डिजाइन्स एण्ड विल्डर्स | ३९५००० | १२०८६१९२ | नभएको |
| शिखर कटेरी वडा भवन ११ | मंगोलियन इन्जिनियरिङ्ग क। | ४९३२४५ | २११७००५५६.३३ | नभएको |
| सुवर्णेश्वरी मन्दिर वडा ८ | एस ए आर पि इन्जिनियरिङ्ग | २३१६५० | ५८०४३४८२.०८ | नभएको |
| ब्रिक्स मेजरमेनट | एस एम एस इन्जिनियरिङ्ग | ४९४३७५ | **pollution measurment** मात्र गरेको | चालु भएको |
| डाँडागाउ बिमिरे सडक | आदोन इन्जिनियरिङ्ग | ६०८६५९ | ३६८४८४७६२.८२ | चालु भएको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| शान्ती पार्क एण्ड सहिद पार्क | गौतम इन्जिनियरिङ्ग | ४८२५०४ | ७०४४१००३.१८ | नभएको |
| वडा नं. ७ वडा प्रोफाइल तथा सर्वेक्षण | गौतम इन्जिनियरिङ्ग | ३००००० | ० | चालु भएको |
| खतार महादेवस्थान योजना | डेस्टेरस कन्स्ट्रक्सन | ३६३५७५ | ९४९४८३०९ | चालु भएको |
| चा खोला होक्से लिफ्ट योजना | ग्राब इन्जिनियरिङ्ग | ४७४६०० | ७९३७४२५९ | नभएको |
| आन्सीखोला योजना | डेस्टेरस कन्स्ट्रक्सन | ३६१६०० | २०९१५००० | नभएको |
| सातदोबाटो लेखाली टोल सडक योजना | डेस्टेरस कन्स्ट्रक्सन | ४९३२४५ | २११०९४९५४.६१ | चालु भएको |
| डि डि एफ एस सोलार लिफ्ट | अभियान्त्रिक्स प्रा लि | ४८९९६८ | ५८९४१२८ | नभएको |
| धोनगाउँ खानेपानी योजना | सिभिलडेस्कइन्जिनियरिंगकन्सल्टेन्सीप्रा.लि | ३४४६५० | ४१२१९८६.५२ | चालु भएको |
| नगर भू उपयोग योजना | सिभिल लिंक इन्जिनियरिंग कन्सल्टेन्ट | ६७६८०१ | ० | भएको |
| वडा नं.५ को सडक | बरदान नेपाल | ५००००० | ८१५०५४५४२ | ४ मध्ये २ चालु |
| पलाञ्चोक भगवती मन्दिर | बरदान नेपाल | ८७५०० | ८९८१०२८.३० | चालु भएको |
| वडा नं.९ को रोड | हिमालयन गर्गेश | ४२८५७१ | ५०२२७११०१.४९ | आंशिक |
| काफ्लेडी सिमखेत रोड | टेन्साइल प्रा लि | ३८६८९९ | २९९४४७९९६ | |
| सुनकोशी नदीको नदिजन्य पदार्थको दिगो उत्खनन तथा संकलन सम्बन्धि **IEE** | अपिरिसर्चफाउन्डेसन प्रा. लि. | ४८१३८० | ० | |
| | | ९७४१०७१ | | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५३. | **जग्गा खरिदः** जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुल्य निर्धारण गर्नुपर्नेमा नगरपालिकाले जग्गा खरिद गर्दा जग्गा प्राप्ति ऐनको प्रक्रिया पुरा गरी खरिद गर्नु पर्नेमा सो प्रक्रिया पुरा नगरी पलाञ्चोक भगवतीको लागि पार्किङ्गको जग्गा जग्गा धनी शैलेश्वर बज्राचार्यको नामको कि नं २७३ बाट घर छुट्याइ प्रति आना रु.३०००००।मा दिन मञ्जुर गरेको आधारमा ९ आना खरिद गरी रु.२७०००००। खर्च गरेको देखियो । | |
| ५४. | **कर बिजकः** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छ । | |
| ५४.१. | वडा नं १० मोटर बाटोमा ग्राबेल राखी सडक मर्मत कार्य उपभोक्ता समितिबाट ३५०० मिटर सडकमा ग्रावेल हालेको प्राविधिक मुल्याकंन १०५०० वर्ग मिटरको प्रति रु.१७०।२१ ले रु.१७८७२०५मा उपभोक्ताको जनसहभागितको अंश कट्टा गरी भौ.नं.४६४।०७७।३।२२ बाट रु.१४१००००। भुक्तानी गरेको छ। नगरपालिकाले तयार गरेको दर विश्लेशण अनुसार स्थानिय ग्राबेल प्रति घ मी रु.५००।मा मुल्य अभिबृद्धि कर थप गरी रु.५६५।को मुल्यलाई वर्ग मिटरमा परिवर्तन गरि रु.५६।५०, औजार तथा सामान ३% ४।९६ र कामदारको ज्याला रु.१०८।७५गरी रु.१७०।२१ कायम गरेको छ ।उक्त ग्रावेलको मुल्यमा मुल्य अभिबृद्धि कर समेत जोडिएकोले समितिले ग्रावेल उपलब्ध गराउदा मुल्य अभिबृद्धि कर तिरेको बिजक बिल पेश गर्नु पर्नेमा मु अ कर बिल बेगर रु.७४२४१।५० मुल्य अभिबृद्धिकर समेत समितिलाई भुक्तानी गरेकोले असुल गर्नु पर्ने रु. | ७४२४१ |
| ५४.२. | सोही सडकमा ग्राबेलको काम १०५०० वर्ग मिटरको लागि मानिसबाट ग्रावेल फैलाउन कामदारको प्रति वर्ग मिटर रु.१०८।७५ लाग्ने दरबिश्लेषको आधारमा रु.११४१८७५।खर्च गरेको छ। सडकमा ग्राबेल फैलाउने काम मानिसबाट गराउने दररेट कायम गरेकोमा मेसिनबाट गरेकोले मेसिनबाट गराउदा कति खर्च लाग्ने एकिन गरी बढी दरले उपभोक्ता समितिलाई भुक्तानी भएको रकम एकिन गरी असुल गर्नु पर्ने देखिन्छ । | |
| ५५. | **अनुदान बितरणः** नगरपालिकाको कृषि कार्यक्रम अन्तर्गत ५०% अनुदानमा कृषकहरुलाई कृषि मिनि टिलर वितरण गर्ने कार्यक्रममा विभिन्न वडाहरुबाट खरिद गरिएका मिनि टिलरहरु खरीद लागतमा ५०% कृषक सहभागिता देखिएन । नगरपालिको स्वीकृत बजेट अनुसार ५० प्रतिशत अनुदानमा मिनि टिलर लगायत कृषि औजारहरु कृषकहरुलाई बितरण गरेको भनी निम्न गोश्वारा भौचरबाट निम्न आपूर्तिकर्ताहरुको बिल बमोजिम रु.२८७५०३५।- भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम रहेका छन् । | |

| भौ न मिति | आपूर्ति कर्ता | वितरण वडा | सामानको नाम | खरिद संख्या | मुल्य | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| ७४।०७६।८।२३ | दुवाल आर एन आर वि के टी इन्टरप्राइजेज | ६ | मिनिटेलर | १२ थान | ४१६६६ | ४९९९९२ |
| ८९।०७६।९।१६ | दुवाल आर एन आर वि के टी इन्टरप्राइजेज | ६ | ग्यासोलिन मिनिटेलर | १३ | ३८४६१ | ४९९९९३ |
| १५९।०७६।१०।२६ | दुवाल आर एन आर वि के टी इन्टरप्राइजेज | ९ | मिनिटेलर | २५ | ४०००० | ४९०००० |
| २९६।०७७।३।२ | महेश्वरी ट्याक्टर सप्लाइ लिवली भक्तपुर | ९ | पावर टिलर | ६ | १३५००० | ४०५००० |
| ३०६।०७७।३।४ | महेश्वरी ट्याक्टर सप्लाइ लिवली भक्तपुर | ३ | मिनिटिलर | ७ | ४०००० | २८०००० |
| ३२१।०७७।३।८ | सत्य साइ मेसिनरी कन्सन | ८ | मिनिटिलर | २६ | ३५९०० | ४६६७०० |
| ३२२।०७७।३।८ | सत्य साइ मेसिनरी कन्सन | ८ | मिनिटिलर | १३ | ३५९०० | २३३३५० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५५.१. | कृषि औजार खरिदमा अनुदान चाहने कृषकहरुको निवेदन संकलन गरी उपयुक्त विधिको आधारमा छनौट | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | समितिबाट कृषकहरुको छनौट गरेको देखिएन ।छनौट भएका कृषकहरुले ५० प्रतिशत रकम कृषि यन्त्र तथा औजार आपूर्तिकर्तालाई बुझाएको प्रमाणको आधारमा मात्र बांकी ५० प्रतिशत रकम नगरपालिकाले भुक्तानी गर्नु पर्नेमा कृषकहरुले ५० प्रतिशत रकम बुझाएको प्रमाण बेगर अनुदानको कृषियन्त्र तथा औजार बुझाएको भरपाईको आधारमा अनुदान रकम खर्च गरेकोले अनुदान वितरण प्रणाली व्यवस्थित तथा भरपर्दो देखिएन। | |
| ५५.२. | भौ नं २९६।०७७।३।२ बाट खरिद पावर टिलर एच पि ६ थान वडा नं ९ का ६ जना कृषकहरुलाई वितरण गरेकोमा वडा कार्यालयले जारी गरेको सुचना अनुसार जग्गा धनी पुर्जाको प्रतिलिपी, नेपाली नागरिकता साथमा ५जनाको समुह बनाइ आउनु पर्नु उल्लेख गरेकोमा जग्गा धनी पुर्जा र नागरीकता सबै निवेदकहरुको नभएको र कति निवेदन दर्ता भयो अभिलेख राखेको छैन ६ कृषकहरुको निवेदन मात्र संकलन गरेको उपयुक्त विधिको आधारमा कृषकहरुको छनौट गरेको देखिएन । | |
| ५५.३. | **फरक फरक दरः** सार्वजनिक खरिद ऐन २०६३ मा व्यवस्था गरेको खरिद विधि छनौट गरी खरिद गर्नु पर्ने व्यवस्था गरे बमोजिम खरिद गर्नु पर्नेमा वडा नं.६ को कार्यालयले दुवाल आर एन आर वि के टी इन्टरप्राइजेज प्रा लि बाट ३ पटक गरी ५० थान मिनिटेलर खरिद गरेकोमा एकै सामान एउटै आपूर्तिकर्ताबाट पहिलो पटक रु.४१६६६।दरले १२ थान, दोस्रो पटक रु.३८४६१।दरले १३ थान र तेस्रो पटक रु.४००००।का दरले २५ थान खरिद गरेको छ। महेश्वरी ट्याकटर सप्लायर्सबाट सोहि मिनिटेलर रु.४००००।का दरले ७ थान र सत्यसाई मेसिनरी कन्सर्न बाट रु. ३५९००।मा ३९ थानको खरिद गरेको छ । वडा कार्यालय अनुसार पटक पटक फरक फरक दरले खरिद गरेको कारण नगरपालिकालाई बढि व्ययभार परेको देखियो । तसर्थ सार्वजनिक खरिद ऐनमा व्यवस्था गरे बमोजिम खरिद विधीबाट छनौट गरि खरिद गर्नु पर्नु देखियो । | |
| ५६. | **निजि प्रयोगको खर्चः** निम्न खानेपानी आयोजनामा उपभोक्ता समितिले सम्पन्न गरेको निर्माण कामको प्राविधिक मुल्यांकनमा उपभोक्ताको निजि प्रयोजनको लागि पानी मिटर, धाराको टुटी लगायतका विभिन्न फिटिङ्गका सामानहरु उपभोक्ताबाट खरिद गरेकोमा भुक्तानीको लागि प्राविधिकबाट मुल्याकंन गरी नगरपालिकाबाट खर्च गरेकोले यस्ता निजि प्रयोजनको सामाग्रीहरुको मुल्य नगरपालिकाबाट खर्च लेख्न मिल्ने देखिएन । | |

| भौ नं मिति | आयोजनाको नाम | खरिद विवरण | खर्च रकम |
|---|---|---|---|
| १८६।०७६।११।२० | वडा नं १० नयांगांउ लुइटेल गांउ खानेपानी आयोजना | धाराको सामानहरु र ९० धारा मिटर | ५०६३६४।३० |
| २१३।०७६।१२।९ | हर्षे खानेपानी आयोजना वडा २ | ५० थान पानी मिटर | ६५०००। |
| ४०७।०७७।३।१७ | शिखरपुर सिमपोखरी खानेपानी ७ | ५० थान धाराको सामाग्रीहरु | १८४५९१। |
| | | जम्मा | ७५५९५५।३० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५७. | **सम्झौतामा बिवरण नखुलाएकोः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा सार्वजनिक निकाय र उपभोक्ताता समितिले आवश्यकतानुसार छलफल, वार्ता गरी निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्नु पर्ने रकम कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि आदी खुलाई खरिद सम्झौता गर्नु पर्ने व्यवस्था गरेको छ । नगरपालिकाले उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा उपरोक्त व्यहोरा नखुलाई सिधै सम्झौता गरेको देखियो यसरी खुलाउनु पर्ने कुरा नखुलाउदां उपभोक्ता समितिलाई निर्माण कामको आबश्यक जानकारी भएको देखिएन साथै नियम व्यवस्था भएको कुरा उल्लेख नगरी सम्झौता गर्नु नियमको पालना गरेको देखिएन । | |

| भौ न मिति | योजनाको नाम | सम्झौता रकम | प्राविधिक मुल्यांकन रकम |
|---|---|---|---|
| २४१।०७७।२।१४ | जोगीटार खोलीखेत कृषि सडक वडा नं १३ | १६४७५११। | १६४७५११। |
| ३४०।०७७।३।१० | तामाघाट डांफेखोला कृषि सडक | १५८६३४८। | १७६६३४८। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५८. | **एउटै योजनामा खर्चः** नगरपालिकाले तामाघाट डांफेखोला कृषि सडक नामको दुई योजनामा उपभोक्ता समितिबाट सडक निर्माण कामको सम्पन्न गरेको भनी निम्न गोश्वारा भौचर तथा मितिबाट भुक्तानी गरेकोले एउटै कृषि सडक योजना कसरी दुइ पटक भुक्तानी हुन गएको हो स्पष्ट भएन । | |

| भौ न मिति | योजनाको नाम | सम्झौता रकम | प्राविधिक मुल्यांकन | न पा बाट खर्च |
|---|---|---|---|---|
| २८०।०७७।२।२७ | तामाघाट डांफेखोला कृषि सडक | १९४२२६४। | १९४२२६४। | १४८५००० |
| ३४०।०७७।३।१० | तामाघाट डांफेखोला कृषि सडक | १९४२६९७। | १७६६३४८। | १५१०००० |
| | | | जम्मा | २९९५००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५९. | **बढी पाइप खरिदः** शिखरपुर सिमपोखरी खानेपानी व्यवस्थापन वडा ७ को लागि रु.९९५५३८।३१ को | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | लागत अनुमानमा उपभोक्तबाट सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार भौ नं ४०७।०७७।३।१७ बाट रु. ८४६०००। भुक्तानी गरेको छ।मुल्यांकन अनुसार विभिन्न साइजको ५७७२ मिटर पाइप खरिदमा रु.५७७५२२। र पाइप जडानमा रु.६४८०४।खर्च गरेकोमा छ।१७५० मिटर मात्र पाइप लाइनको ट्रेन्च खन्ने पुर्ने गरेको भनी रु.१०३२१६।६८ खर्च गरेको छ । खरिद पाइप मध्ये २० मि मि साइजको खन्न पुर्न नपरेको २०८५ मिटर र ट्रेन्च खनी जडान गरेको १७५० मिटर गरी ३८३५ मीटर मात्र पाइप खर्च भएकोले निम्न साइजको १९३७ मिटर बढी खरिद गरेको रु. | १६६०९५.४१ |

| पाइपको साइज | खरिद परिमाण | इकाइ मुल्य | खर्च रकम |
|---|---|---|---|
| २५।१० | २०० | ५८।२१ | ११६४१।२६ |
| ३२।६ | ५८० | ६५।१२ | ३७७७०।७० |
| ४०।६ | ११५७ | १००।८५ | ११६६८३।४५ |
| | | जम्मा | १६६०९५।४१ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६०. | **पाइप मौज्दातः** कोलडांडा खामपुर खानेपानी योजनाको वडा नं २ को लागि निर्माण व्यवसायी भगवती निर्माण सेवा प्रा लि ले बिभिन्न साइजको पोलिथिन पाइप ४१०० मिटर उपलब्ध गराएको भौ नं ४१७।३।१७ बाट रु.५०००००। भुक्तानी गरेकोमा खरिद गरेको पाइप यो वर्ष जडान गरेको प्राविधिक मुल्यांकन भएको देखिएन उक्त खरिद पाइप कहां कस्तो अवस्थामा राखेको छ जिन्सी आम्दानी गरेको समेत नभएकोले वडा कार्यालयमा पाइप नै प्राप्त भएको प्रमाण समेत पेश नभएको रु. | ५००००० |
| ६१. | **पाइप खरिदः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ मा बीसलाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने र नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन सकिने छैन भनी उल्लेख गरेको छ ।नगरपालिकाले देवभुमि ओजेटार कर्केटार सेरा खानेपानी योजनाको लागि आवश्यक विभिन्न साइजको पोलिथिन पाइप खरिद गर्न उपभोक्ता समितिसंग सम्झौता गरेकोमा उपभोक्ता समितिले हाइड्रो नेपाल ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा लि काठमाडौंको २०७७।३।१९ बाट विभिन्न साइजको ६९७६ मिटर पाइप खरिद गरेको बिल अनुसार समितिलाइ भौ नं ४६७।०७७।३।२२ बाट रु.१९२००००।भुक्तानी गरेको छ।योजनाकोलागि आवश्यक पाइप खरिद गर्न खरिद नियमावलीमा व्यवस्था भए बमोजिम बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा उपभोक्ता समितिबाट नियम बिपरित सोझै खरिद गराइ खर्च गरेको देखियो। खरिद भएका सवै पाइप यो वर्ष योजना प्रयोग गरेको छैन वर्षान्तको अन्त्यमा पाइप खरिद गरी मौज्दात राख्नु पर्नाको कारण समेत पेश भएन । | |
| ६२. | **ग्राभेल निर्माणः** डुडामुख धुरपुरा झिगे कल्चे मोटरबाटो ग्राभेल निर्माणको लागि उपभोक्ता समितिसंग रु.१८५३९६७।४८ को लागत सम्झौता अनुसार सम्पन्न कामको प्राविधिक मुल्यांकन अनुसार रु.१७६३९६७।४८ मा जनसहभागिताको अंश कट्टा गरी भौ.नं.५१४।०७७।३।२५ बाट रु.१४१००००। भुक्तानी गरेकोमा देखिएको व्यहोरा निम्न छन । | |
| ६२.१. | **बिजक बिल नभएकोः** सडक निर्माणको विभिन्न काम मध्ये स्थानिय ग्राभेल गर्ने मिलाउन कामको ज्याला रु. १०८।७५, ग्राभेलको मुल्यमा मु अ कर थप गरी रु.५६।५० र ३ प्रतिशत टुल्सको समेत रु.४।९६ को दर गरेको आधारमा ७५८८.३४ घ मी को रु.१२९१६११।१५ भुक्तानी गरेको देखियो। मुल्य अभिबृद्धिकर समेतको दरमा ग्राभेल आपूर्ति गरेकोले मुल्य अभिबृद्धि कर रु.४९३२४।२१ को बिजक बिल पेश गर्नु पर्नेमा बिजक बिल बेगर ग्राभेल आपूर्ति गरेकोले मुल्य अभिबृद्धि कर वापतको रकम समितिलाई भुक्तानी गरेको असुल गर्नुपर्ने रु. | ४९३२४.२१ |
| ६२.२. | **मेसिनबाट कामः** सडक निर्माणमा ७५८८.३४ घ मी ग्राभेल मानिसबाट मिलाउने दरविश्लेषणमा प्रति घ मि रु.१०८।७५ मा उपभोक्ता समितिसंग सम्झौता भएकोमा उपभोक्ताले उक्त काम सम्पन्न गरेको मुल्यांकनबाट रु.८२५२३१।डोर हाजिर पेश गर्ने पर्नेमा रु.४४९५००। को डोर हाजिर पेश गरेको बांकी मेसिनबाट गरेको निर्माण व्यवसायीको विजक विल पेश गरेकोले मानिसबाट काम गर्ने दर बिश्लेषण गरि मेशिनबाट काम गराएको उपभोक्तालाई भुक्तानि गरेको नियम सम्मत नभएको रु. | ३७५७३१ |
| ६३. | **डिप बोरिङः** बेला डिप बोरिङ्ग खानेपानी उपभोक्ता समितिसंग रु.२३४१५३३।३८ मा निर्माण कामको | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्झौता भएकोमा समितिले निर्माण सम्पन्न गरेको मुल्यांकन अनुसार रु.१९५६४४९।४८ मा उपभोक्ताको जनश्रमदानको अंश कट्टा गरि भौ.नं.४७३।०७७।३।२३ बाट रु.१६६२९८२। भुक्तानी गरकोमा देखिएको व्यहोरा निम्न छन । | |
| ६३.१. | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा यस खानेपानी योजनाको उपभोक्ता समितिले आफुले पाएको डिप बोरिङ्ग सम्बन्धी काम प्रति मिटर १५००।का दरले पाथीभरा ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा लि बाट बोरिङ्ग मेसिन भाडामा लिने सम्झौता गरी कार्य गराएको देखियो । समितिले नगरपालिकासंग ९ ७/८ डायाको पहिलो १०० मिटर ड्रिलिङ्ग गर्न रु.२७२१।३९ मा, ७ ५/८ डायाको दोस्रो १०० मिटर ड्रिलिङ्ग गर्न रु.२९९८।०५ मा र ७ ५/८ डायाको २०० मिटर भन्दा माथी ४० मिटरको लागि रु.३२७४।७१ समेत जम्मा २४० मिटर ड्रिलिङ्गको लागी रु.७०२९३२।४० लाग्ने सम्झौता गरेको छ । समितिले सो ड्रिलिङ्ग काम पाथीभरा ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा लि संग प्रति मिटर १५००। मा गराउने सम्झौता गरी २०५ मिटर ड्रिलिङ्ग गरेको मुल्य अभिबृद्धि कर समेत रु. ३४७४७५। खर्च भएको ड्रिलिङ्ग कम्पनीले बिल पेश गरेको भएता पनि उपभोक्ता र नगरपालिकाको सम्झौता अनुसारको दरले २०५ मिटर ड्रिलिङ्गको रु.५८६६८०। प्राविधिक मुल्यांकन गरी समितिलाई भुक्तानी गरेको छ । तसर्थ प्राविधिकबाट बास्तविक खर्च भन्दा बढि खर्च मुल्याकन गरेको आधारमा भुक्तानी गरेको देखियो । | |
| ६३.२. | इष्टिमेटमा २४० मिटर लम्वाइमा डिप बोरिङ्ग गर्ने उल्लेख भएकोमा उपभोक्ताबाट २०५ मिटर मात्र बोरिङ्गको गरेको र उक्त बोरिङ्गको लागि १४२.५ मिटरमात्र पाइप खरिद गरेकोले इष्टिमेट तथा सम्झौता अनुसारको काम नहुनुको कारण उल्लेख गरेको छैन। | |
| ६४. | **निर्माण व्यावसायीबाट काम गरेको**ः सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन सकिने छैन भनी उल्लेख गरेकोमा पुरानो बजार सुम्मेश्वर जोरपाटी टाँके सडक निर्माणको लागि रु.१५०००००। बजेट व्यवस्था भएको छ। सडक निर्माणको काम उपभोक्ता समितिले गर्न उपभोक्ता समिति गठन गरी नगरपालिकाबाट पाएको काम आफै सम्पन्न गर्नु पर्नेमा सगुन इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सनबाट सडक ढलानको काम गराएको भनि निर्माण व्यवसायीको रु.१२९९५००। बिल राखी भुक्तानी माग गरे बमोजिम नगरपालिकाले भौ.नं ५३६।०७७।३।२५ बाट रु.१४१००००। भुक्तानी गरेको छ । समितिले नियम विपरित काम सम्पन्न गरेको अवस्थामा पनि नगरपालिकाले मुल्यांकन गरी भुक्तानी गरेको देखियो । | |
| | **नगरपालिका चालु** | |
| ६५. | **कार्यक्रम योजना तयार नगरको**ः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(५) मा सरकारी खर्च सम्बन्धी कार्यविधि अन्तर्गत सरकारी निकायबाट कुनै तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सञ्चालन गर्नु पर्दा सो कार्यको कार्यक्रम तथा लागत अनुमान तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ। यस्तो स्वीकृत कार्यक्रम अनुरुप सञ्चालित तालिम, सेमिनार, कार्यशाला, गोष्ठी आदि सम्पन्न भईसकेपछि कार्यक्रम अनुरुप भए नभएको र त्यसमा खर्च गरिएका मालसामानको विवरण तथा विल भर्पाई सहितको खर्च देखिने गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले निम्न कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको कार्यक्रम तथा लागत अनुमान तयार तथा अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराएको र कार्यक्रम सम्पन्न पश्चात प्रतिवेदन समावेश गरेको नपाईएकाले यस तर्फ ध्यान दिन जरुरी छ । | |

| गो.भौ.-मिति | खर्च शिर्षक | कार्यक्रम | खर्च रकम |
|---|---|---|---|
| ५७-२०७६।६।९ | विविध खर्च | ३ दिने निशुल्क स्वास्थ्य शिविर | ७१६०० |
| ७३-२०७६।६।१३ | विपद् व्यवस्थापन कोष | डेगुं नियन्त्रण गर्न लामखुट्टेको लार्भा खोजी गरी नष्ट गर्ने | ७८९८० |
| ११८-२०७६।७।८ | महिला सीपमूलक कार्यक्रम | सिलाई कटाई सम्बन्धी कार्यक्रम | २००००० |
| १४०-०७६।०७।२८ | जेष्ठ नागरिक लक्षित कार्यक्रम | जेष्ठ नागरिक दिवस | ११७००० |
| ६१६ | महिला तथा बालबालिका कार्यक्रम | कोटदेवी महिला विकास उपभोक्ता समिति कम्प्युटर, प्रिन्टर, बाखा खरिद | २००००० |
| ६४७ | महिला लक्षित स्वरोजगार तालिम कार्यक्रम | महिला लक्षित स्वरोजगार साबुन बनाउने तालिम | १८७९९८ |

| | | |
|---|---|---|
| ६६. | **बैठक भत्ताः** नेपाल सरकार अर्थमन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद-७, बुदा नं. | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | ७.१.१.मा स्पष्ट विषयवस्तु र कार्ययोजना बेगर बैठक बस्न नपाईने, एउटै निकाय र अन्तर्गतका पदाधिकारी र कर्मचारी बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख गरिएकोमा मिति २०७६।०६।०२, गो.भौ.नं.३६ बाट विभिन्न कर्मचारीहरुको कार्यसम्पादन फारम मूल्याङ्कन गरेबापत कार्यालयका कर्मचारीहरु मात्र रहेर रु.६०००० भत्तामा कर कटाई रु.५१०००/- खर्च लेखेकोले कार्य सम्पादन फारम मुल्याङ्कन गरे बापत भत्ता खर्च लेख्न मिल्ने देखिएन । | |
| ६७. | **कार्यक्रम खर्च दरः** नगरपालिकाले नेपाल सरकार अर्थमन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५मा तोकिए भन्दा फरक नम्सको प्रयोग गरी नगरपालिकाको गोष्ठी, तालीम, भ्रमण तथा अनुशिक्षण कार्यक्रम संचालन गर्ने खर्चको मापदण्ड सम्बन्धि आफ्नो छुट्टै कार्यविधि बनाई कार्यपालिकाको कार्यक्रम खर्च गर्ने गरको पाईयो । | |

| गो.भौ.-मिति | कार्यक्रम | खर्च दर | अर्थ नम्स | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|
| ७३-०७६।६।१३ | विपद् व्यवस्थापन | ४०० | २०० | २०००० | यातायात खर्च २ दिनसम्मको |
| | | ५०० | २०० | ३८००० | ” |
| २४७-२०७६।०९।२८ | VERSP-MIS तालिम | २००० | १००० | ३२००० | प्रशिक्षण बापत |
| | | १००० | १५० | १६००० | सहयोगी भत्ता |
| | | ५०० | - | ४००० | सरसफाई सहयोगी भत्ताको व्यवस्था नभएको |
| ३५६-२०७६।११।१२ | क्रिस्टल माला गरगहना बुनाई वडा नं.९ | ४०० | १५० | ६००० | सहयोगी भत्ता |
| | | १५० | - | ७५० | सरसफाई सहयोगी भत्ताको व्यवस्था नभएको |
| | | ७५० | ५०० | ३३००० | २ दिन भन्दा बढी अवधिको तालिममा अधिकतम यातायात खर्च |
| ३५६-२०७६।११।१२ | क्रिस्टल माला गरगहना बुनाई वडा नं.२ | ४०० | १५० | ४००० | सहयोगी भत्ता |
| | | १००० | ५०० | ३४००० | यातायात खर्च २ दिनसम्मको |
| | | ७५० | - | ७५० | सरसफाई सहयोगी भत्ताको व्यवस्था नभएको |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ६८. | **बिल भरपाई नभएको -** अर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ३६(३) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् । | |
| ६८.१. | नगरपालिकाले विपद् व्यवस्थापन कोषबाट मिति २०७६।०८।०२, गो.भौ.१२५ बाट ढलान प्लास्टिक, सिरक, डस्ना, सादा जस्ता आदि खरिद गरी विभिन्न सप्लायर्सलाई भूक्तानी दिई रु.१६९५८२।३४ खर्च लेखेको छ तर सो सामाग्रीहरु कहाँ-कहाँ प्रयोग गरिए, कुन कार्यको लागि प्रयोग भयो यकिन गर्न सकिएन। कार्यप्रयोजन खुलाई सो सामाग्री बुझिलिएको प्रमाण पेश गर्नुपर्ने रु. | १६९५८२.३४ |
| ६८.२. | मातृशिशु पोषण कार्यक्रम अन्तर्गत होक्से स्वास्थ्य चौकीबाट सुनौलो हजार दिन सम्मका बच्चाका लागि अण्डा, गेडागुडी, पोषण प्रवर्द्धन, खाद्यान्न, बच्चा बेबी सिट आदि खरिद गरी विभिन्न बिलहरुबाट रु.१००००० खर्च लेखेको छ तर गर्भवती, सुत्केरी महिलाले के, कति परिमाणमा ति सामग्रीहरु बुझे सोको भर्पाई नभएकाले प्रमाण पेश गर्नुपर्ने रु. | १००००० |
| ६९. | **दररेट उल्लेख नभएकोः** नगरपालिकाले नगरपालिका कार्यालयम मेटल बोर्ड नागरिक बडापत्र राख्ने सम्बन्धमा मिति २०७७।०३।२९, गो.भौ.७३६ बाट रु. १७०६३० खर्च लेखेको छ। कार्यालयले सो मेटलबोर्ड नागरिक बडापत्र राख्न ईष्टिमेसन तयार गरी तीन निर्माण कम्पनीहरु विहानी निर्माण सेवा, हिमालय कन्सट्रक्सन प्रा.लि. र वागले कन्सट्रक्सनबाट दररेट माग गरी सबैभन्दा कम दररेट पेश गर्ने गर्ने विहानी कन्सट्रक्सनलाई छनोट तथा कार्य सम्पन्नको आधारमा भूक्तानी गरेको छ। तर उक्त तीनवटै निर्माण कम्पनीहरुले दररेट पेश गर्दा **Quantity** मात्र समावेश गरेको, दररेट खाली राखेको अवस्थामा कसरी कार्यालयले तुलनात्मक चार्ट तयार गरी विहानी निर्माण सेवालाई छनौट तथा भूक्तानी गरेको हो प्रष्ट नभएको रु. | १७०६३० |
| ७०. | **करकट्टि नगरेकोः** नगरपालिकाले २०७६ आषाढ र पौषमा संचालित नगरसभामा खटिने कर्मचारीहरुलाई प्रोत्साहन बापत मिति २०७७।०३।२९, गो.भौ.७३२ बाट रु.९३५८४० खर्च लेखेको छ।कर्मचारीहरुको प्रोत्साहन भत्ता बापत कार्यालयले १५% कर कट्टि गर्नुपर्नेमा १% मात्र सामाजिक सुरक्षा कर कट्टि गरेकाले अपुग कर रकमे सम्बन्धित भत्ता प्राप्त गर्ने ३५ जना कर्मचारीहरुबाट असुल गरी संघीय राजस्व खातामा दाखिला गर्नुपर्ने रु. | १३१०१७.६ |
| ७१. | **फलफूल, विरुवा वितरण कार्यक्रमः** नगरपालिकाले फलफूल लगायत विरुवा वितरण कार्यक्रम अन्तर्गत सुविहान एग्रो नर्सरीबाट सुन कागती ४००० थान रु.३५ का दरले र केरा २००० थान रु.५५ का दरले गरी जम्मा रु.२५०००० मा खरिद गरी मिति २०७७।०३।२७, गो.भौ.६९६ बाट खर्च लेखेको छ । यस | |

| दफा | भौ.नं., मिति र व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सम्बन्धमा भएका व्यहोरा निम्न छन् | |
| ७१.१. | **केराको विरुवा वितरणः** नगरपालिकाले कृषकहरुलाई ७५% अनुदानमा केराको विरुवा वितरण गर्ने कार्यक्रम रहेकोमा २००० थान केराको विरुवा प्रति रु.५५ का दरले खरिद गरेको मध्ये १९३० वटा केराको विरुवा वितरण गरेको भरपाइ पेश भएको बाँकी रहेको ७० वटा विरुवाको कहाँ-कहाँ वितरण गरिए वा मौज्दात रहेको प्रमाण नभएको रु. | ३८५० |
| ७१.२. | **सुनकागती वितरणः** सुनकागतीको विरुवा ४००० वटा रु.३५ दरले खरीद गरेकोमा उक्त विरुवा कृषकहरुलाइ वितरण गरेको भरपाइमा ४९११ वटा सुनकागतीको विरुवा वितरण गरेको भरपाई पेश भएकोले खरिद विरुवा भन्दा वितरण गरेको विरुवाको संख्या बढी भएकोले वितरण भरपाइको वास्तविकता एकिन भएन । | |
| | **गरिबसंग विश्वेश्वर कार्यक्रम** | |
| ७२. | **५०%अनुदानमा कृषि मिनि ट्रयाक्टरः** भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको कार्यक्रम संचालन सम्बन्धि निर्देशन तथा शर्तनामामा पुँजीगत अनुदानको रकम बाडफाड गर्दा जिल्ला समन्वयकर्ताको समन्वयमा लक्षित (विपन्न) परिवार बाट गठन भएका समूह, संस्था, नेपाल सरकारले पहिचान गरी परिचयपत्र प्राप्त गरिब घरपरिवारलाई फाईदा पुग्ने किसिमले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । अन्य संस्थालाई सशर्त अनुदान खर्च शिर्षकबाट नगरपालिकाले महेश्वरी ट्याक्टर सप्लायर्सबाट मिति२०७७।३।१८, बिल नं.२१५ बाट २० वटा कृषि मिनि ट्याक्टर रु.३९००० का दरले रु.७८०००० मा खरिद गरि मिति २०७७।०३।२४, गो.भौ.९ बाट भूक्तानी भएको छ। यस सम्बन्धमा नगरपालिकाले के आधारमा कृषकहरु छनौट गरी ट्याक्टर वितरण गरेको हो प्रष्ट हुन सकेन। | |
| | **गरिब घर पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम** | |
| ७३. | **कर कट्टि नगरेकोः** नगरपालिकाले गरिब घर पहिचान तथा वितरण कार्यक्रमको भ्रमण तथा अनुगमन बापत मिति २०७७।०३।२८, गो.भौ.६ बाट रु.६१६५० खर्च लेखेको छ । जसमध्ये खाजा खाना बापत रु.४०५०, अनुगमन भत्ता बापत रु.३३६०० र अनुगमन गाडी भाडा बापत रु.२४००० खर्च लेखेको छ। विभिन्न कर्मचारीहरुको अनुगमन भत्ता रु.३३६०० को १५% अग्रिम आयकर कट्टी रु.५०४० र गाडी भाडा मा १०%, रु.२४०० गरी जम्मा रु.७४४० कट्टी गरी राजश्व खातामा दाखिला गरेको नदेखिएकाले सम्बन्धित भुक्तानी पाउने पक्षबाट असुल गरी संघीय बेरुजु खातामा दाखिला गर्नुपर्ने रु. | ७४४० |
| | **सामाजिक सुरक्षा तर्फ** | |
| ७४. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्दछ । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ । | |
| | **शिक्षातर्फ** | |
| ७५. | **शिक्षक विद्यार्थी अनुपातः** शिक्षा नियमावली २०५९ को नियम १२ क मा सामुदायिक विद्यालयहरु एक एक आपसमा गाभिँनको लागि उक्त नियमावलीको नियमको ७७ बमोजिम पहाडी जिल्ला प्रति कक्षा विद्यार्थी संख्या ४५ जना नभएको खण्डमा आपसमा गाभ्न सकिने व्यवस्था रहेको छ । नगरपालिका मातहतमा रहेका देहायका सामुदायिक विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको हुदाँ नियममा भएको व्यवस्था अनुसार एक आपसमा गाभी शिक्षाको गुणस्तरमा बृद्धि गराउनुपर्दछ । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरवन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | अनुपात |
|---|---|---|---|---|---|---|
| १. | भविश्य उज्वल प्रा वि | ३ | ३ | ० | २१ | ७ |
| २. | जनभावना प्रा वि | ३ | ३ | ० | ६८ | २३ |
| ३. | झिङ्गनादेवि प्रा वि | २ | २ | ० | १९ | १० |
| ४. | सुन्दर सुर्योदय प्रा वि | ४ | ४ | ० | ५६ | १४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | जनता मा वि | १४ | १४ | ० | २७८ | २० |
| ६. | जनउद्धार प्रा वि | ३ | ३ | ० | ५६ | १९ |
| ७. | प्रतिभा प्रा वि | ४ | ४ | ० | ३३ | ८ |
| ८. | भुवनेश्वरी नि मा वि | ८ | ८ | ० | २५० | ३१ |
| ९. | गणेश मा वि | १२ | ११ | १ | ४०२ | ३४ |
| १०. | महाकाल मा वि | १२ | ११ | २ | ४०२ | ३४ |
| ११. | जनज्योती प्रा वि | २ | २ | ० | ३१ | १६ |
| १२. | भमरकोट हिमालयन नि मा वि | ५ | ५ | ० | ४२ | ८ |
| १३. | आजाद मा वि सर्वमंगला मा वि | २० | १९ | १ | ७८८ | ३९ |
| १४. | सर्वमङ्गला मा वि | २० | २० | ० | ५८९ | २९ |
| १५. | दुग्धेश्वरी मा वि | ११ | १० | १ | १४९ | १४ |
| १६. | जोरपाती मा वि | १६ | १६ | ० | १५८ | १० |
| १७. | नारायण प्रा वि | २ | २ | ० | २४ | १२ |
| १८. | राधाकृष्ण प्रा वि | २ | २ | ० | ६२ | ३१ |
| १९. | गोल्मादेवी प्रा वि | ५ | ५ | ० | ५८ | १२ |
| २०. | नारायणस्थान नि मा वि | ५ | ५ | ० | ९१ | १८ |
| २१. | ठकुरी गाउँ प्रा वि | १ | १ | ० | २२ | २२ |
| २२. | जनजागृती प्रा वि कोशीदेखा | ५ | ५ | ० | ७३ | १५ |
| २३. | भगवती मा वि खरेलथोक | २१ | २१ | ० | २३४ | ११ |
| २४. | कालीदेवी प्रा वि डाडाँगाउँ | २ | २ | ० | ३१ | १६ |
| २५. | समाज सुधार प्रा वि | २ | २ | ० | २६ | १३ |
| २६. | धरणी प्रा वि | १ | १ | ० | १३ | १३ |
| २७. | गंगा प्रा वि | २ | २ | ० | ४ | २ |
| २८. | पलाञ्चोक भगवती मा वि | १३ | १३ | ० | १७५ | १३ |
| २९. | श्रीराम मा वि | १५ | १५ | ० | २४४ | १६ |
| ३०. | जनजागरण प्रा वि | ३ | ३ | ० | ६९ | २३ |
| ३१. | सरस्वती प्रा वि | ३ | ३ | ० | १५ | ५ |
| ३२. | गंगादेवी प्रा वि | ४ | ४ | ० | ६१ | १५ |
| ३३. | ज्ञानोदय आ वि | ५ | ५ | ० | २१२ | ४२ |
| ३४. | भक्रमदेवी मा वि | ११ | ११ | ० | २७२ | २५ |
| ३५. | कालिका मा वि | १२ | १२ | ० | २५८ | २२ |
| ३६. | ज्ञानेश्वरी मा वि | ६ | ५ | १ | १८३ | ३१ |
| ३७. | बाल प्रतिभा आ वि | २ | २ | ० | १५९ | ८० |
| ३८. | श्रृजना प्रा वि | २ | २ | ० | ६७ | ३४ |
| ३९. | समाज कल्याण प्रा वि | ५ | ५ | ० | ५७ | ११ |
| | जम्मा | २६९ | २६३ | ६ | ५७५२ | २१ |

नगरपालिकामा संचालनमा रहेका विद्यालयहरुलाइ शैक्षिक सुधार सहयोग कार्यक्रम अन्तगर्त शुन्य दरबन्दी भएका विद्यालयहरुमा करारमा शिक्षक नियुक्ति गरी पठन पाठमा सुधार ल्याउनको लागि नगरपालिकाले बजेटमा समावेश गरी ५ वटा विद्यालयलाइ रु.९ लाख ६० हजार अनुदान खर्च लेखेको छ । तर नगरपालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ स्थानीय तहबाट वितरण हुने शैक्षिक अनुदानले शैक्षिक क्षेत्रको गुणस्तर अभिवृद्धि तथा उपलवधीमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

७६. **शिक्षकको तलब भत्ता निकासा** - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छ

७६.१. **बढी निकासा** - आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । तर नगरपालिकाले देहायका विद्यालयहरुलाई शिक्षक तलब बढी निकासा गरेको रु.२२२५६४/- असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु. २२२५६४

| गो भौ नं | विद्यालयको नाम | शिक्षकको नाम | निकासा हुनपर्ने रकम | निकासा भएको रकम | बढी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १२७।३।४ | पलाञ्चोक भगवती मावि साठीघर | सन्तोष आचार्य | १३३१२२.०० | २०१२४६.०० | ६८१२४.०० | छुट भुक्तानी ३ महिना |
| १२७।३।४ | कालिका मा वि | सरस्वती अधिकारी | १२५९६७.०० | १७७९५३.०० | ५१९८६.०० | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अनैकोट | सम्झना बजगाइ | ११७२१०.०० | १७०४३०.०० | ५३२२०.०० | छुट भुक्तानी ३ महिना |
| ४४।९।२८ | कालिका मा वि अनैकोट | चिन्तामणि चौंलागाइ | ७८१८०.०० | ११७८०४.०० | ३९६२४.०० | |
| | | देवि प्रसाद गौतम | ६३३४२.०० | ६८१४७.०० | ४८०५.०० | |
| | कालिका मा वि अनैकोट | उद्धव प्रसाद अधिकारी | ६३३४२.०० | ६८१४७.०० | ४८०५.०० | |
| | | जम्मा | | | २२२५६४ | |

७६.२. **ग्रेड बढी भुक्तानीः** निम्नानुसारको कर्मचारीको ग्रेड भुक्तानी दिंदा बढी ग्रेड भुक्तानी भएकोले बढी रकम असुल हुनुपर्ने रु. १३२९०४

| सि नं | विद्यालयको नाम | शिक्षकको नाम | पारित ग्रेड | भुक्तानी ग्रेड | रकम | वार्षिक ग्रेड रकम | थप कस कोष | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | कालिका मा वि अनैकोट | प्रा.शि.द्वि श्री सुन्दर श्रेष्ठ | ५ | ७ | ८८८० | २४४४०. | २४४४. | २६८८४. |
| २ | भगवती मा.वि पाँचखाल | प्रा.शि.द्वि श्री हरिकृष्ण | ५ | ६ | ९४० | १२२२०. | १२२२. | १३४४२. |
| ३ | भगवती मा.वि पाँचखाल | प्रा.शि.द्वि श्री इन्द्रप्रसाद खकुरेल | २ | ४ | १८८० | २४४४०. | २४४४. | २६८८४. |
| ४ | पलाञ्चोक भगवती मा वि | प्रा.शि.द्वि श्री भीमप्रसाद उप्रेती | ५ | ६ | ९४० | १२२२०. | १२२२. | १३४४२. |
| ५ | पलाञ्चोक भगवती मा वि | प्रा.शि.तृ श्री मुना श्रेष्ठ | ४ | ५ | ८८७ | ११५३१. | ११५३. | १२६८४. |
| ६ | सर्वमंगला मा वि | प्रा.शि.तृ श्री विनोद आचार्य | ५ | ६ | ८८७ | ११५३१. | ११५३. | १२६८४. |
| ७ | समाजकल्याण प्रा वि | प्रा.शि.द्वि श्री राधा दुलाल | ५ | ६ | ९४० | १२२२०. | १२२२. | १३४४२. |
| ८ | गोल्मादेवी प्रा वि | प्रा.शि.द्वि श्री विद्यालक्ष्मी देउजा | ५ | ६ | ९४० | १२२२०. | १२२२. | १३४४२. |
| | | | | | | | जम्मा | १३२९०४. |

७७. शिक्षा पुँजिगततर्फ रु.९७५०००।०० बजेट विनियोजन भएकोमा ३९ वटा विद्यालयहरुमा विद्युतीय हाजरी मेसिन जडान वापत रु.९७३९७४।०० खर्च भएको छ । तिनवटा हाते दररेट लिएर आइडिया ब्रिड आइटी सोलुसन प्रा लि संग २० थान र ब्राइट इन्टेलिजेन्स प्रा लि सँग १९ थान गरी प्रति रु.२४९७३।० मा खरिद गरी विद्यालयहरुमा जाडन गर्न पठाएकोमा ३७ विद्यालयहरुमा जडान गरी सामान बुझेको भरपाइ पेश भएको तथा २ वटा विद्यालयहरुमा पहिले नै जडान गरेको पाइएको भनि स्टोरमा बाँकी रहेको मेसिन जिन्सी खातामा आम्दानी बाँधेको देखिएन । साथै विद्यालयहरुले पनि जिन्सी खातामा आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने रु. ९७३९७४

७८. **औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ मा औषधी खरीद सम्बन्धि व्यवस्था गरेको छ । नगरपालिकाले ३५ आइटमका औषधीहरुको ३ वटा सप्लायर्ससँग दररेट माग गरी कम दररेट पेश गरेको मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.लाई औषधी खरीद वापत गो.भौ.नं.४३।०७६।९।२७ बाट रु.१५४९२४४ भुक्तानी गरेको छ । मेडिगोल्ड इन्टरनेशनल प्रा.लि.ले मिति २०७६।४।११ मा प्रभाव राष्ट्रिय दैनिकमा प्रकासन गरेको रेटअनुसार खरीद गरी मिति २०७६।९।१३ औषधी आपुर्ति गरेकोमा देखिएको व्यहोरा देहायबमोजिम रहेका छन् ।

७८.१. आपूर्ति हुने औषधि डब्लु.एच.ओ. सटिफिइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश भएन ।

७८.२. आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

७८.३. औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको देखिएन ।

७८.४. औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको पाइयो ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७९. **प्रधानमन्त्री रोजगार कार्यक्रम**- स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यसवर्ष ३ जनालाई रोजगारी उपलव्ध गराई रु.५९५७१।०० खर्च गरेको छ। लक्षित वर्गलाइ २१ दिनसम्म रोजगारी उपलव्ध गराइ श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत भएको छ। उक्त खर्च लक्षित

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ८०. | **भकारो सुधारः** भकारो सुधार कार्यक्रमको लागि कृषक तथा कृषक समुह छनौट गरी तालिम प्रदान गरी प्रति कृषक/समुह अनुदान रकम रु.९०००।०० उपलब्ध गराउने निर्णय भएकोमा २०७६।११।१५, १६ र १७ गते छुट्टा छुट्टै कृषि सहकारी संस्थामा आवद्ध ६० कृषकहरुलाइ १ दिने स्थलगत भकारो सुधार विषयक तालिम दिइ सोहीमध्येबाट छनौटमा परेका कृषकहरुलाई अनुदान रकम दिनुपर्नेमा गो भौ नं १७२।३।२५ बाट ३० जनालाई रु.२७००००।० वितरण गरेको भरपाइ संलग्न राखी रामेश्वर श्रेष्ठलाइ भुक्तानी भएको छ। तालिममा सहभागी नभएको देहायको व्यक्तिहरुलाइ समेत अनुदान रकम वितरण गरेको पाइयो। पालिकाबाट बितरण भएको यस प्रकारका अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै ५ जनाको तालिममा सहभागीता वेगर भुक्तानी भएको अनुदान रकम रु.४५०००। असुल गर्नुपर्न रु. | ४५००० |

| सि नं | नाम | रकम |
|---|---|---|
| १ | सरस्वती शिवभक्ती | ९०००। |
| २ | भिमप्रसाद मैनाली | ९०००। |
| ३ | प्रदिप पौडेल | ९०००। |
| ४ | धनलाल श्रेष्ठ | ९०००। |
| ५ | टेकेश्वर श्रेष्ठ | ९०००। |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **कोरोना रोकथाम तथा नियन्त्रण व्यवस्थापन तर्फ** | |
| ८१. | स्थानिय तहको आफ्नै बजेटबाट बिनियोजन रु.४५ लाख, प्रदेश संचित कोषबाट रु.१२ लाख, संघिय संचित कोषबाट रु.५० लाख एंव अन्य स्रोतबाट रु.१४ लाख ७ हजार समेत गरी रु.१ करोड २१ लाख ७ हजार प्राप्त भएकोमा निम्नानुसार रु.१ करोड १६ लाख ७४ हजार खर्च भएको छ । | |

| क्र सं | शिर्षक | रकम (रु.हजारमा) |
|---|---|---|
| १ | राहत वितरण | ३३२३ |
| २ | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | १९५९ |
| ३ | जनशक्ति परिचालन | २३४६ |
| ४ | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | १९३४ |
| ५ | अन्य शीर्षकमा भएको खर्च | २११२ |
| | **जम्मा** | ११६७४ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | **आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औंल्याएका व्यहोराहरु देहायबमोजिम रहेका छन्** | |
| | **नगरपालिका चालु तर्फ** | |
| ८२. | सूचना प्रकाशित गरेवापत इकोनोमि मिडिया प्रा.लिलाई गो.भौ.न.६०।२०७६/०६/१० मा रु.१,७२,१२०/- भुक्तानी गरिएकोमा उक्त ससंस्थाको कम्पनि दर्ता प्रमाण पत्र एवं कर चुक्ता प्रामाण पत्र संलग्न नरहेकाले संलग्नराखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ८३. | **व.उ. शिर्षक २७२१२-** विपद व्यवस्थापन कोषबाट वडा नं ६ का विभिन्न ठाँउमा बाटो सुधार गरे वापत सहिमा निर्माण सेवा प्रा. लि लाई गो.भौ.नं.९५।०७६/०६/१६ बाट रु.२,१५,८९१/- भुक्तानी गरिएकोमा उक्त संस्थाको दर्ता प्ररमाण-पत्र कर चुक्ता र स्थायी पान नं प्रमाण पत्र संलग्न नरहेकाले संलग्नराखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ८४. | **ब.उ.शिर्षक २७२१२ -** विपद व्यवस्थापन कोषबाट वडा नं. ७ का विभिन्न सडकको मर्मत सम्भार गरेवापत वि.आर.कन्ट्रक्सन लाई गो.भौ.नं.९६।०७६/०६/१७ बाट रु.२,४६,६२२/- भुक्तानी गरेकोमा उक्त संस्थाको दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्र र स्थायी लेखा नं. संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ८५. | गाडीको ४ वटा टायर फेरेवापत सुभ सिंहघल ट्रेडर्स लाई गो.भौ.नं.३२६।२०७६/११/०७ बाट रु.८२,०६५ भुक्तानी गरिएकोमा उक्त संस्थाको कर चुक्ता, कम्पनी दर्ता र स्थायी लेखा नं. प्रमाण पत्र | |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ८६. | नेशनल वेयर एण्ड यूनीफर्मलाई पि.पि.इ खरिद गरे वापत भौ.नं.४०५।०७६/१२/१९ बाट रु.५०,०००/- भुक्तानी गरिएकोमा उक्त संस्थाको कर चुक्ता र कम्पनी दर्ता प्रमाण पत्र संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ८७. | **व.उ.शिर्षक २२२२१** मेशिनरी तथा औजार मर्मत सम्भार बाट शुभ सिंघल ट्रेडर्सलाई बा.२.झ. १४९४ गाडीको टायर परिवर्तन गरेवापत गो.भौ.नं.५६५।०७७/०३/१२ बाट रु.९८,५६३/- भुक्तानी गरिएकोमा उक्त संस्थाको कर चुक्ता, कम्पनी दर्ता र स्थायी लेखा नं. प्रमाण पत्र संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ८८. | **व.उ.शिर्षक २५३१५-** अन्य सहायता बाट पाँचखाल नगरपालिका वडा नं. ८ स्थायी घर भएका श्री जनकमाया श्रेष्ठका छोरा निवेश श्रेष्ठ तान्सेन नगरपालिका वडा नं.११ मा पहिरोमा पुरीयर मृत्यु भएकाले मृतकको शव यस पाँचखाल नगरपालिका वडा नं.८ सम्म ल्याउनका लागि लागेको रकम गो.भौ.नं.५८६।०७७/०३/१६ बाट रु.३५,०००/- भुक्तानी दिदाँ कार्यपालिकाको निर्णय समावेश हुनुपर्नेमा नरहेकाले निर्णय गरी नियमित गर्नुपर्ने देखिन्छ । | |
| | **नगरपालिका पुँजिगत तर्फ** | |
| ८९. | **व.उ.शि ३३११७१** आकस्मिक मर्मत सम्भार बाट वडा नं.१० का विभिन्न ठाँउहरुमा पहिरो एवं सडक मर्मत गरेवापत गो.भौ.नं.२७।०७६/०७/०६ बाट गौतम कन्ट्रक्सन लाई रु.१,५२,४९०/- र जि.भ्यू.एण्ड निर्माण तथा सामाग्री सप्लार्यस लाई रु.१,७९,५५०/- भुक्तानी गरिएकोमा उक्त संस्थाको कम्पनी दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ९०. | **व.उ.शि ३३११७१** आकस्मिक मर्मत सम्भार बाट वडा नं.१३ का विभिन्न ठाँउहरुमा पहिरो एवं सडक मर्मत गरेवापत जि.क्यू.एण्ड डि निर्माण तथा समाग्री सप्लायर्स लाई गो.भौ.नं.३०।०७६/०७/०८ बाट रु.३,५४,७८०/- भुक्तानी भरिएकोमा उक्त संस्थाको कम्पनी दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्र संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ९१. | कोलडाँडा प्रहरीचौकी सडक वडा नं.१२ को कार्य सम्पन्न गरी माँ भगवती पाथिभरा निर्माण सेवा प्रा.ली. लाइ गो.भौ.नं.७२।०७६/०८/२३ बाट रु.२९९६१६ भुक्तानी गरिएकोमा उक्त संस्थाको इजाजत पत्र नविकरण संलग्न नरहेकाले संलग्न राखी संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ९२. | ट्रस निर्माण च्याङवारी उपभोक्ता समिति लाई प्राविधिकको अन्तिम मुल्याङन अनुसारकन्टीन्जेन्सी र मर्मत सम्भार बाहेकको रु.९१,२१३.५४ रकम भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं.१३१।०७६/१०/०८ बाट रु.९४,०००/- भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने देखिएको रु. | २७८६.४६ |
| ९३. | **ब.उ.शिर्षक ३११७२** नगरस्तरिय आयोजनाको डि.पि.आर बाट वडा नं. १ को खानेपानी डि.पि.आर. को काम गरेवापत नव्य टेक्नोलोजी प्रा.ली. लाई गो.भौ.नं.१३९।०७६/१०/०९ बाट रु.३,९५,५००/- भुक्तानी गरिएकोमा उक्त संस्थाको करचुक्ता प्रमाण पत्र संलग्न हुनुपर्नेमा नरहेकाले सो कागजात संलग्न राखी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ९४. | **व.उ.शिर्षक ३११७१** (आकस्मिक मर्मत सम्भार) बाट पाँचखाल नगरपालिका कार्यालय नजिकको पोखरीको रेलिङ बार गरेवापत डि.एन.ओ. निर्माण सेवा लाई गो.भौ.नं.१५१।०७६/१०/२४ बाट भुक्तानी दिंदा भ्याट बापतको रकम रु.४,४९८/- कट्टी गरी रु.७८,१९० भुक्तानी गर्नुपर्नेमा सो कट्टी नगरि भुक्तानी गरिएको । | |
| ९५. | ब.उ.शिर्षक ३११६१ नारायण प्रा.वि. घेरावार उ.स. लाई प्राविधिक इस्टमेट, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिकको अन्तिम मूल्याङ्कन र टीप्पणी आदेस अनुसार भुक्तानी गर्दा रु.८०००/- कन्टीजेन्सी रकम कट्टा गरी रु. ९२,०००/- भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं.१५७।०७६/१०/२६ बाट रु. २,००,०००/- भुक्तानी भएको हुदाँ बढी भुक्तानी रकम असुल उपर गरी बैङ्क दाखिला गर्नुपर्ने रु. | ८००० |
| ९६. | न.पा भवन खर्कचौर थुम्का सडक वडा नं.३ कार्य सम्पन्न गरेवापत फ्यूचर ल्याण्ड कन्ट्रक्सनलाई VAT बापतको रकम रु.२८,०१७।०७ कट्टी गरी भुक्तानी गर्नुपर्नेमा गो.भौ.नं.५४६।०७७/०३/२६ बाट रु.२३,०२५/- मात्र कट्टी गरिएकाले बाँकी रकम असुल उपर गरी आन्तरिक राजश्व कार्यालयमा जम्मा गर्नुपर्ने रु. | ४९९२.०७ |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ९७. | तामाघाटको निर्माण सम्पन्न गरिसकेपछि भुक्तानी गरिएकोमा योजनाको **Lab Test** र **Insurance** समावेश गर्नुपर्नेमा नराखिकन गो.भौ.नं.५५४।२०७७/०३/२६ बाट रु.२०,७८,८२४/- भुक्तानी गरिएकोमा **Lab Test** र **Insurance** संलग्न गरी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ९८. | ब.उ.शिर्षक ३११५१ गोल्मादेवी प्रा.वि. तामाङ्ग बस्ती सडक वडा नं. ४ मा बजेट रकम रु.५,००,०००/- विनियोजन गरिएको मा नपुग रकम गो.भौ.नं.५६१।०७७/०३/२६ बाट रु.३,५०,०००/- थप गरी भुक्तानी गरिएकोमा नगर सभाबाट विनियोजन नभएको कार्यपालीकाको निर्णय नरहेकोले निर्णय संलग्न गरी नियमित गर्नुपर्ने देखिन्छ । | |
| ९९. | यस पाँचखाल नगरपालिका को **pmw8/Bc/01/077/077** को ठेक्का बाट वडा नं. ८ को भवन निर्माण गरेवापत जि.वि.आर. कन्ट्रक्सन लाई गो.भौ.नं.५९५।०७७/०३ बाट भुक्तानीमा गर्दा **Insurance** संलग्न हुनुपर्नेमा नरहेकाले संलग्न गरी नियमित गर्नुपर्ने वा असुलउपर गर्नुपर्ने देखिन्छ । | |
| १००. | वडा कार्यालय कम्पाउण्ड कार्य गरेवापत वडा कार्यालय कम्पाउण्ड निर्माण उ.स. वडा नं.७ लाई रु.६,००,०००/- भुक्तानी हुनुपर्नेमा गो.भौ.नं.६००।०७७/०३/२६ बाट रु.६,१०,०००/- भएकाले बढी भुक्तानी रकम असुलउपर गरी बैङ्क दाखिला गर्नुपर्ने रु. | १०००० |
| १०१. | **पेश्की बाँकीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा तोकिएको अवधिसम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको देहाय अनुसार फछ्यौट गर्न बाँकी पेश्की मध्ये म्याद नाघेको रु.५३५२००० र म्याद ननाघेको रु.१८१९००० गरी जम्मा रु.७१७१००० पेश्की बाँकी देखाएकोले नियम अनुसार फछ्यौट गर्नुपर्दछ । म्याद नाघेको पेश्की रु. | ५३५२००० |

| शिर्षक | भौ न मिति | पेश्की लिने | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| संघिय शसर्त पुँजिगत | २७।०७७।३।३१ | मौले पोखरी उप स्वास्थ्य चौकी अनैकोट | १०००००० | |
| | | केराघारी स्वास्थ्य केन्द्र ५ | १०००००० | |
| | | श्रीरामपाटी शहरी स्वास्थ्य केन्द्र ७ | १०००००० | |
| प्रदेश हस्तान्तरित पुँजिगत | २।०७७।८।३ | जन आदर्श निर्माण सेवा | १११००० | |
| जि स स | २।०७७।३।२९ | राउत ब्रदर्श कन्स्ट्रक्सन एण्ड ड्रिलिङ्ग सर्भिस प्रा लि | ५४५००० | |
| प्रदेश समपुरक | २।०७७।३।२८ | गंगा एण्ड तोक कन्स्ट्रक्सन | ११००००० | |
| प्रदेश साक्षरता घोषणा | २/०७६/१०/१३ | उदय प्रसाद कोइराला | ७०००० | |
| न.पा शिक्षा | ४/०७६/६/२७ | उदय प्रसाद कोइराला | १२६००० | |
| न.पा चालु | ५८५/०७७/३/१६ | धन बहादुर बस्नेत | १००००० | |
| न.पा पुँजिगत | २०६/०७६/१२/३ | जिरेश्वरी निर्माण सेवा | | १८४००० |
| | ५९४/०७७/३/२९ | राउत ब्रदर्श कन्स्ट्रक्सन एण्ड डूलिङ्ग सर्भिस प्रा लि | | ३६५००० |
| | २०५/०७६/१२/३ | जिरेश्वरी निर्माण सेवा | | १७०००० |
| | ५२२/०७७/३/२५ | गंगा एण्ड तोक कन्स्ट्रक्सन | | ५५०००० |
| | ४५९/०७७/३/२२ | | | ५५०००० |
| | ५९०/०७७/३/२८ | कल्याण सुवेदी | ३००००० | |
| | | जम्मा | ५३५२००० | १८१९००० |

| दफा | भौ.नं., मिति र ब्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १०२. | **बेरुजु तथा सम्परिक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्यौंट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजू फछ्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था गरेको छ । नगरपालिकाले गत विगत वर्षसम्मको बेरुजूको अद्यावधिक स्थिति सम्बन्धी विवरण उपलब्ध गराएको छैन । बेरुजुको विवरण अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौट गर्नुपर्दछ । अद्यावधिक वेरुजुको विवरण पेश नगरेतापनि कार्यालयले गत विगत वर्षसम्मको बेरुजू मध्ये निम्नानुसार रु.२५०००००।- फछ्यौट गरी लेखापरीक्षण डोरमा सम्परीक्षणको लागि अनुरोध गरेकोमा रु.२५०००००।- को सम्परीक्षण भएको छ । | |

| आर्थिक वर्ष | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौट गरेको आधार | रकम |
|---|---|---|---|---|
| २०७५/०७६ | १९ | जोरपाटी मा वि तिनपिप्लेको विज्ञान प्रयोशाला | कार्यसम्पन्न पेश भएको | ६५०००० |

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन पेश नभएको</td><td></td><td></td></tr>
<tr><td>२०७५/०७६</td><td>१९</td><td>गणेश मा वि को चार कोठे भवनको कार्य सम्पन्न पेश नभएको</td><td>कार्य सम्पन्न पेश भएको</td><td>१८०००००</td></tr>
<tr><td>२०७५/०७६</td><td>४१</td><td>कोटदेवी मौला पुजा पेश्की</td><td>बिल भरपाइ पेश भइ पे.फ</td><td>५००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५०००००।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०३.</td><td>अनुगमन - गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

अनुसूची १

## पाँचखाल नगरपालिकाको सञ्चित कोषको विवरण
## २०७६/७७

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | लेखापरीक्षण रकम | बेरुजु रकम | आयतर्फ | | | | | | व्यय तर्फ | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँड | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | १३८२८७२ | ११९३५ | ४७२५९ | ३६९२४८ | १३८५०० | १४६१५ | १८१६५२ | ७०४०१५ | ३०२३९२ | २२०५३८ | १५५९२७ | ६७८८५७ | ७२४१७ |

अनुसूची २

## बेरुजु बर्गीकरण(विनियोजन राजस्व धरौटी र अन्य कारोबार)

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्योट | | | बाँकी बेरुजु | | | बाँकी बेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | १०२ | ३७ | १४७७१ | ३ | ५ | २८३६ | ९९ | ३२ | ११९३५ | ९९३ | २९१३ | २६७७ | ० | ० | ५५९० | ५९६ | ४७५६ | ५३५२ |

अनुसूची ३

## अद्यावधिक बेरुजू स्थिति

(रु.हजारमा)

| जिल्ला | कार्यालयको नाम | गत वर्षसम्मको बाँकी बेरुजु | समायोजन | सं.पको लागि अनुरोध भइ आएको रकम | सं.प.भएको रकम | सम्परीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको बाँकी बेरुजु रकम | यो वर्ष थप रकम | कुल बाँकी बेरुजु | बाँकी बेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| काभ्रेपलाञ्चोक | पाँचखाल नगरपालिका | ६४६३८ | ० | २५०० | २५०० | ० | ० | ६२१३८ | ११९३५ | ७४०७३ | ५५५२ |